म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २०४ बुधबार २४ फागुन २०७९ ने. सं. ११४३ चिल्लागा 8 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

हेटौंडाका युवक नारायणीमा मृत फेला

हेटौंडा, २३ फागुन/चितवनस्थित नारायणी नदीमा हेटौंडाका एक युवक मृत फेला परेका छन् । हेटौंडा उपमहानगरपालिका-९ बस्ने २४ वर्षीय सौरभ पाठकको शव फेला परेको हो । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाकाअनुसार पाठकको शव चितवन भरतपुर महानगर पालिका-१, नारायणी नदी किनारमा फेला परेको हो । उनी यही फागुन १६ गते कामको शिलशिलामा काठमाडौं गएका थिए । आफन्तका अनुसार उनी फागुन १८ गते काठमाडौंबाट घर फर्किने क्रममा भरतपुर महानगरपालिका-१ हरिहर मन्दिरबाट बेपत्ता भएका थिए । उनी बेपत्ता भएपछि आफन्तले फागुन २० गते जिल्ला प्रहरी कार्यालय चितवनमा खोजतलाका लागि निवेदन दिएका थिए । प्रहरीले खोजीको क्रममा फागुन २२ गते नारायणी नदिको किनारमा मृत अवस्थामा फेला परेको हो । घटनास्थल मुचुल्का सहित थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

हेटौंडाका दुई फुटबल स्टार:

अञ्जनले वर्ष खेलाडी अवार्ड लिँदा सुनिल विदेशिए

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/नेपाल राष्ट्रिय फुटबल टिममा हेटौंडाका दुई युवा खेलाडी महत्वपूर्ण भूमिका थिए । फर्वादमा अञ्जन विष्ट र मिडफिल्डमा सुनिल बल दुवै राष्ट्रिय टिमका अनिवार्य सदस्य जस्तै हुन् ।

अञ्जनले पछिल्लो समय फुटबलमा धेरै राम्रो प्रगति गरिरहेका छन् । सुनिल पनि देशकै ठूलो फुटबल प्रतियोगिताए डिभिजन लिग क्लब संकटाको कप्तान थिए । जसमध्ये हेटौंडामा जन्मिएर हेटौंडामै फुटबल सिक्दै राष्ट्रिय टिमको महत्वपूर्ण सदस्य बनेका अञ्जन मंगलबार वर्ष पुरुष खेलाडी घोषित भएका छन् । अञ्जनकै साथी सुनिल भने भर्खरै भविष्यको खोजीमा विदेश भासिए । हेटौंडा उपमहानगर पालिका-१०, भुटनदेवी घर भएका अञ्जन मंगलबार काठमाडौंमा नेपाल खेलकुद पत्रकार मञ्चद्वारा आयोजित अवार्डमा वर्ष पुरुष खेलाडी घोषित भएका हुन् ।

बजाज पल्सर स्पोर्ट्स अवार्ड-२०७८ वर्षको उत्कृष्ट पुरुष खेलाडी घोषित हुने अञ्जन मकवानपुरका पहिलो खेलाडीसमेत हुन् । वर्ष पुरुष खेलाडीको मनोयनमा परेका अन्य ४ जनालाई पछाडि पार्दै अञ्जन उत्कृष्ठ ठहरिएका हुन् । मनोनयनमा अञ्जनसहित राष्ट्रिय फुटबल टिमका गोलरक्षक किरण चेम्जोड, क्रिकेटका दीपेन्द्र सिंह ऐरी र कुशल भुर्तेल तथा ब्याडमिन्टनका प्रिन्स दाहाल थिए । उनले अवार्ड ग्रहण गरेपछि विनाशकारी भूकम्पमा परी निधन भएका पत्रकार सुमन भोज्जनलाई स्मरण गरे । उनले पल्सर मोटरसाइकल पुरस्कार पाएका छन् ।

तत्कालीन समयमा गोर खापत्रमा खेलकुद पत्रकारिता गर्ने भोज्जन पनि हेटौंडाकै हुन् । अञ्जनका छिमेकीसमेत रहेका भोज्जनले अञ्जनको खेल जीवन उकास्न महत्वपूर्ण भूमिका खेलेका थिए । भोज्जनको विनाशकारी भूकम्पमा काठमाडौंस्थित भाडा बस्ने घरले पुर्दा मृत्यु भएको थियो । अञ्जनले विश्वकप २०२२ तथा एएफसी एसियन कप २०२३ को छनोटअन्तर्गत समूह बीमा चाइनिज ताइपेइविरुद्ध गोल गरेका थिए । उनले १३ औं साफ च्याम्पिन्सीसपमा श्रीलंका र बंगलादेश विरुद्ध गोल गरेका थिए । उनी

एनएसएलमा सर्वोत्कृष्ट फरवार्ड घोषित भएका थिए । अञ्जन राष्ट्रिय टोलीबाट सर्वाधिक गोलकर्ताको सुचीमा तेस्रो स्थानमा छन् ।

यसैगरी, पल्सर स्पोर्ट्स् अवार्डमा वर्ष पुरुष खेलाडी र पिपुल्स च्वाइस अवार्ड गरी दुई वटा विधामा मनोनयनमा परेका थिए । वर्ष पुरुष खेलाडी जितेका उनी पिपुल्स च्वाइस अवार्डमा भने दोस्रो बने । पिपुल्स च्वाइस अवार्ड भलिबलकी उषा भण्डारीले जितेकी छन् । मंगलबार कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा आयोजित १९ औं संस्करणको एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डको विशेष समारोहमा भलिबलकी भण्डारीलाई पिपुल्स च्वाइस अवार्डको उपाधि हस्तान्तरण गरिएको हो । क्रिकेटका आशिफ शेख, टेनिसकी अभिलाषा विष्ट, फुटबलका अञ्जन विष्ट र पौडीकी डुवाना लामालाई पछि पार्दै उपाले अवार्ड जितेकी हुन् । उपाले ३८ दशमलव ०२ प्रतिशत मत प्राप्त गर्दा दोस्रो भएका अञ्जनले ३१ दशमलव १४ प्रतिशत मत पाएका थिए ।

सुनिल लिम छोडेर विदेश हिँडे

देशमै मकवानपुरको पहिचान दिलाएका जिल्लाका चर्चित फुटबलरहरु एकाएक विदेश भासिने क्रम रोकिएको छैन् ।

राष्ट्रिय टोलीदेखि ए डिभिजन लिगमा राम्रो प्रदर्शन गर्दै आएका मकवानपुरे खेलाडीहरु भविष्यको खोजीमा विदेशिने क्रममा चलिरहेको छ । विदेशिनेमा राष्ट्रिय फुटबल टिमका मिडफिल्डर सुनिल बल छन् । हेटौंडाका सुनिल अस्ट्रेलिया प्रस्थान गरेका हुन् । सुनिलको विदेश उडानसँग राष्ट्रिय टिमबाट फुटबल खेल्दाखेल्दै देश छोडेर विदेशिएका खेलाडीको संख्या ३५ नाघेको छ । यसअघि मकवानपुरका करिब आधा दर्जन खेलाडी विदेश भासिएका छन् । सरकार र एन्फाले खेलाडी र फुटबलको विकासमा उल्लेख्य काम गर्न नसकेको प्रभाव खेलाडी विदेश पलायन भइरहनु हो । ए डिभिजन लिग, फ्रेन्चाइज लिग र मोफसलका प्रतियोगिताहरु राम्रो तरिकाले सञ्चालन नहुँदा खेलाडीहरु एकपछि अर्को गर्दै विदेसिने क्रम जारी छ ।

यतिसम्मकी नेपालमा फुटबलहरुले नियमित प्रारम्भिक समेत पाउँदैनन् । पुरस्कारे रकमले फुटबल खेल्न बाध्य नाम चलेका खेलाडीको पनि अन्तिम गन्तव्य विदेश नै रहेको देखिएको छ । हेटौंडेली स्टार सुनिल संकटा क्लबका कप्तानसमेत हुन् । उनले शहीद स्मारक ए डिभिजन लिगमा संकटा क्लबको नेतृत्व गर्दै त्रिभुवन आर्मी फुटबल क्लबविरुद्ध खेले । बलियो आर्मीलाई रोक्दै संकटाले अंक खोजा सुनिलको प्रदर्शन उच्चस्तरीय थियो । ए डिभिजन लिग खेल्ने क्लबकै कप्तान विदेशिनु नेपाली फुटबलका लागि दुर्भाग्य हो । सन् २०१८ मा राष्ट्रिय टिमबाट डेब्यू गरेका सुनिल निरन्तर लयमा छन् । उत्कृष्ट मिडफिल्डरको स्थान बनाएका उनी अष्ट्रेलिया फुटबलसँगै राम्रो कमाईको लागि गएको बताइएको छ ।

फुटबल खेलेर मकवानपुर लाई यसअघि देशभर चिनाउन भूमिका खेल्दै आएका महत्वपूर्ण खेलाडीहरु यतिबेला स्वदेशमा छैनन् । मकवानपुरमा जन्मिए, हेटौंडाका खेलमैदानमा सिकेर राष्ट्रिय टोली र राष्ट्रिय लिग खेलिसकेका अञ्जन विष्ट, रञ्जन विष्ट, अमिर श्रेष्ठ, सुनिल बल, एलन न्यौपाने, रोहित कार्की, रवि थिङ र सुशान्त लामाले मकवानपुरलाई खेलकुदबाट पहिचान दिलाएका थिए । तर, उनीहरुमध्ये अब अञ्जन मात्रै स्वदेशमा छन् । राष्ट्रिय टिमका पूर्वसदस्य रञ्जनेदेखि पछिल्लो समयका उदयीमान खेलाडी रोहित विदेश भासिएका छन् । यसअघिको सहिद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगिताका रञ्जन, अमिर, रोहित, रविले खेलेका थिए ।

यसले पनि मकवानपुर का खेलाडीहरुले राष्ट्रिय टिमदेखि ए डिभिजन लिगमासमेत अर्थपूर्ण सहभागिता जनाउँदै आएको देखिन्छ । तर, स्वदेशमा खेलकुद संरचना बलियो नहुनु र खेलेर नै जीविकोपार्जन गर्न नसकिने अवस्थाका कारण प्रतिभाशाली तथा उदीयमान मकवानपुरे खेलाडी सुन्दर भविष्यको खोजीमा अस्ट्रेलिया भासिएका छन् । कुनैबेला राष्ट्रिय टिममासमेत रहेका र चर्चित क्लब श्रीस्टारको पहिलो रोजाईकोगोलरक्षक एलन न्यौपाने करिब २ वर्ष अघि नै अष्ट्रेलिया भासिएका थिए । उनी स्वदेश फर्किएनन् । एलनपछि ए डिभिजन लिगका महत्वपूर्ण खेलाडीहरु अमिर, रोहित, रवि पनि अष्ट्रेलिया पुगेका छन् । पछिल्लो समय केही महिना अघि मात्रै हेटौंडेली फुटबलर फर्वाद रञ्जन पूर्वराष्ट्रिय खेलाडी हुन् भने लिगको गत सिजनमा एनआरटीबाट खेल्ने । लिगमा फर्वाद अमिरले जबलाखेलबाट खेलेका थिए भने रवि सशस्त्र प्रहरीको एपीएफ क्लबमा जोडिएका थिए । गोलर क्षक रोहित कार्की संकटबाट खेल्ने गरेका थिए । रोहित एन्फाको एकेडेमीबाट उमेर समूहमा प्रतिस्पर्धा गर्दै लिगमा स्थान बनाएका खेलाडी हुन् । यस्तै, मोफसलका ठूलो प्रतियोगिता खेलेका अञ्जनको ब्याचका सुशान्त लामा सबैभन्दा पहिला अष्ट्रेलिया भासिएका थिए । उनी श्रीमतीसहित अष्ट्रेलिया पुगेका हुन् । उनले पढ्ने र फुटबल खेल्दै आइरहेको मकवानपुरका पुराना फुटबलर तथा प्रशिक्षक सुनिल घिमिरे बताउँछन् ।

कुनै समय राष्ट्रिय टोलीको प्रतिनिधित्व गर्नु गौरवको विषय मानिने गरेको नेपालमा हाल खेलाडीहरुले भविष्यको खोजीमा अष्ट्रेलिया भासिने गरेका हुन् । मुलुकको झन्डा बोकेर खेलाडीलाई सद्भावना दूतका रुपमा हेरिन्थ्यो भने उनीहरु अहिले विदेशी भूमिका पसिना बगाईरहेका छन् । पछिल्लो समय राष्ट्रिय खेलाडी नेपालका चर्चित गोल्डकप छोडेर विदेशमा हुने टोलकपमा पनि सहभागी हुने होडबाजी चलेको हो । पछिल्लो दुई वर्षमा मात्र करिब दुई दर्जन राष्ट्रिय टोली र उमेर समूहमा मुलुकको प्रतिनिधित्व गरिसकेका खेलाडी अष्ट्रेलिया आइपुगेका छन् ।

अष्ट्रेलिया आइपुगेर अधिकांश खेलाडीलाई यहाँका सप्ताहन्त फुटबल खेल्ने नेपाली क्लबले बोलाएका हुन् । खेलाडीहरु यहाँ आउँदै गर्दा सबक्लास ४०० भिसा अन्तर्गत आउँछन् । उनीहरुलाई सिमित घेरामा मात्र आफ्नो क्षमता प्रदर्शन गर्ने अधिकार रहेको बताइन्छ । नेपाली फुटबलरलाई यहाँको स्थानीय नेपाली क्लबले आफ्नो निम्तामा अष्ट्रेलिया बोलाएको हुन्छन् र केहि महिनापछि उनीहरु विद्यार्थी भिसामा स्थानान्तरण हुन्छन् । अष्ट्रेलियाको अध्यागमन नीति अनुसार यसरी आउनेहरुले भिसा परिवर्तन गरी विद्यार्थी भिसा लिन पाउने भएकाले खेलाडीहरुको आकर्षण बढी देखिएको छ । जसकारण त्यहाँ पुगेका खेलाडीहरु स्वदेश फर्किने सम्भावना कम हुन्छ ।

हेटौंडा-काठमाडौं जोड्ने छोटो मार्ग सबै जोखिमयुक्त

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/बागमती प्रदेशको मुकाम हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्न करिब आधा दर्जन सडक सञ्जाल छन् ।

जसमध्ये अधिकांश लामो दुरीका र जोखिमयुक्त छन् । हेटौंडाबाट काठमाडौं पुग्न आठ वटा सडक छन् । तर अधिकांश सडक दुरावस्थामा रहेका कारण यात्रुले तिनको प्रतिफल लिन सकेका छैनन् । हेटौंडा-भीमफेदी-कुलेखानी-फाखेल-बल्खु, हेटौंडा-भीमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-बल्खु, हेटौंडा-भीमफेदी-फाखेल-मातातीर्थ-कीर्तिपुर, हेटौंडा-भीमफेदी-कुलेखानी-मार्खु-चित्लाङ-थानकोट, हेटौंडा-दामन-टिष्टुङ-नौबिसे-थानकोट (त्रिभुवन राजपथ), हेटौंडा-कुलेखानी-चन्द्रागिरि हुँदै थानकोट, हेटौंडा-ठिंगन-टीकाभैरव-सातदोबाटो (कान्ति लोकपथ) र हेटौंडा-नारायणगढ-मुग्लिन-नौबिसे-थानकोट सडक हुँदै काठमाडौंलाई जोडेका छ ।

तर, हेटौंडा-नारायणगढ-मुग्लिन-नौबिसे-थानकोट सडक र हेटौंडा-दामन-टिष्टुङ-नौबिसे-थानकोट (त्रिभुवन राजपथ) मात्रै पूर्ण रुपमा पक्की छन् । हेटौंडा-ठिंगन-टीकाभैरव-सातदोबाटो (कान्ति लोकपथ) ८० प्रतिशत कालोपत्रे भए पनि २० प्रतिशत भाग कच्ची नै छन् । यी तीन पक्की सडकमध्ये कान्तिलोकपथबाहेक दुवै लामो दुरीका सडक हुन् । जसको विकल्प कुलेखानी छिचोलिने छोटामार्गहरु हुन् । छोटामार्ग जित सबै जोखिमयुक्त छन् । हाल जोखिमपूर्ण छोटा मार्गहरुबाटै यात्रुबाहक साना सवारीसाधनहरु आवतजावत गरिरहेका छन् । कान्तिलोकपथ मर्मतका लागि बन्द गरिएकाले छोटो मार्गबाट गाडिहरु गुडिरहेका छन् ।

हेटौंडा-नारायणगढ-मुग्लिन-नौबिसे थानकोट र त्रिभुवन

राजपथ सडक वर्षभरि सञ्चालनमा रहने गर्दछन् । बाँकी सबै सडकहरु हिउँदमा मात्र सञ्चालन हुन सक्ने अवस्थामा छन् । पहिरोको जोखिम अत्यधिक भएकाले वर्षायाममा छोटो मार्गहरु जोखिमपूर्ण नै हुने गरेका छन् । छोटो मार्गहरु स्तरोन्नति भइरहेका छन् । साँघुरो र जीर्ण भएकाले सो सडकमा यातायात नै ठप्प पारेर मर्मत तथा स्तरोन्नतिको काम हुँदै आएको छ । तर, सो सडकमा यात्रा गर्न अझै सहज छैन । सो सडकलाई १० मिटर फराकिलो बनाउने उद्देश्य अनुसार स्तरोन्नति भइरहेको छ । मैसेदेखि भीमफेदी खण्डको स्तरोन्नति कार्यका लागि पटकपटक म्याद थपिए पनि काम पुरा हुन सकेको छैन ।

हेटौं डा-भीमफे दी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-बल्खु सडक आयोजना अन्तर्गत मकवानपुर काठमाडौं खण्डमा ठेक्का लगाएर काम भइरहेको छ । संघीय र प्रदेश सरकारले उक्त सडक स्तरोन्नतिका लागि काठमाडौं खण्डतर्फ २२ करोड रुपैयाँ र मकवानपुर खण्डतर्फ १८ करोड रुपैयाँ विनियोजन गरेको छ । जसको हाल भौतिक प्रगति २५ प्रतिशत छ । हेटौंडा-भीमफेदी-फाखेल-मातातीर्थ-कीर्तिपुर र हेटौंडा-भीमफेदी-कुलेखानी-मार्खु-चित्लाङ-थानकोट सडकले अझै पूर्णता पाउन सकेको छैन । निर्माण कार्य थालनी गरिएको लामो समय बितिसक्दा समेत उक्त सडकले पूर्णता पाउन नसकेको हो । चित्लाङ-थानकोट सडक (गणेशमान सिंह मार्ग) निर्माणमा ठेकेदार कम्पनीको लापरवाहीका कारण सवारी साधन र पैदल यात्रुलाई समेत आवतजावतमा समस्या हुँदै आएको छ ।

हेटौंडा-काठमाडौं जोड्ने वैकल्पिक एवम् उपयुक्त मार्गको रुपमा रहेको कान्ति लोकपथ सडक निर्माण सुरु भएको ६६ वर्ष बितिसक्दा पनि पूर्णता पाउन सकेको छैन । दुरीका हिसाबले छोटो मानिएको उक्त सडक मर्मत भइरहेको छ । दुरीको हिसाबले सबैभन्दा लामो सडकको रुपमा रहेको हेटौंडा-नारायणगढ मुग्लिन-नौबिसे सडक वर्षभरि नै नियमित सञ्चालनमा आउने गर्दछ भने यात्रामा पनि सहज मानिन्छ । घुमाउरो सडक रहेको बाइरोड (त्रिभुवन राजपथ) पनि नियमित रुपमा सञ्चालन हुने सडक हो ।

स्लो साइकल प्रतियोगितामा ठाकुर प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/फागुपूर्णिमाको अवसरमा हिमालयन राईडर्स सोसाइटी हेटौंडाद्वारा आयोजित साइकल स्लो राईडमा बिजेता खेलाडीलाई पुरस्कृत गरिएको छ ।

हेटौंडा-४, हुपचौरमा सोमबार भएको प्रतियोगितामा राजीप ठाकुर प्रथम, अविज्ञ गौतम द्वितीय, भेट्टान्स विकास बानियाँ पुरस्कृत भएका हुन् । सबैभन्दा कम उमेरका प्रवेश नेपाललाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो । होली शुभकामना आदान प्रदान गर्ने तथा केही दिन अघि मेची-महाकाली साइकलयात्रा सफलतापूर्वक सम्पन्न गर्ने कीर्तम गोपाली राजीप ठाकुर लाई सम्मान गरिएको थियो ।

१४ नम्बर गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक अनिल कार्की र हिमालयन राईडर्स सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले सम्मान प्रदान गरेका थिए । कार्यक्रममा सशस्त्र प्रहरी नायव उपरीक्षक रमेश गुरुङ, सोसाइटीका पदाधिकारीहरु, हेटौंडाका साइकल अभियन्ताहरुको सहभागिता रहेको थियो ।

हाजिरीजवाफमा सफल आमा समूह प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/११३ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयद्वारा आयोजित हाजिरीजवाफ प्रतियोगितामा सफल आमा समूह प्रथम भएको छ ।

मोहन बज्राचार्य शहरी स्वास्थ्य केन्द्रको व्यवस्थापनमा वडास्तरीय अन्तर स्वास्थ्य आमा समूहबीच भएको हाजिरी जवाफ प्रतियोगितामा सफल आमा समूह विजयी भएको हो । प्रतियोगितामा सफल, श्रमिक, जाल्पादेवी, पञ्चकन्या र प्रगति आमा समूह क्रमसः प्रथम, द्वितीय, तृतीय र सान्त्वना भएका छन् । प्रथम पुरस्कार ७ हजार, द्वितीय पुरस्कार ५ हजार, तृतीय पुरस्कार ३ हजार, सान्त्वना १ हजार तथा प्रमाण पत्र रहेको थियो ।

सफल, जाल्पादेवी, श्रमिक, पञ्चकन्या र प्रगति गरि ५ वटा आमा समूह सहभागी रहेको मोहन बज्राचार्य शहरी स्वास्थ्य केन्द्र, हेटौंडा-४ का प्रमुख निर्मला ब्लोनले बताइन् । वडा सदस्य गीता त्रिपाठीको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अथिति बागमती प्रदेशका पूर्वराज्यमन्त्री जुनेली श्रेष्ठ थिइन् । उनले नारी दिवसको औचित्यबारे

प्रष्ट पारेकी छन् । ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले भौतिक विकासको साथसाथै मानवीय विकासको लागि अतिरिक्त क्रियाकलापको आवश्यकतालाई प्राथमिकतामा राख्नुपर्ने बताए । कार्यक्रममा वडा सदस्यहरु जनरल श्रेष्ठ, जगनाथ पाण्डे, ५ नम्बर वडा सदस्य रञ्जिता सिलवाल, श्रमिक माविका प्रधानाध्यापक श्रीराम दाहाल, महिला जागरण समूहकका अध्यक्ष राधिका चौलागाई लगायतको उपस्थिति थियो ।

घर भाडामा

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोठा ७ठेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८२७२५९८०६

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

व्यवहारमै महिला अधिकार

मार्च ८ लाई अन्तराष्ट्रिय महिला दिवसको रुपमा मनाउँदै आइएको छ । आज बुधबा। अन्तर्राष्ट्रिय नारी (महिला) दिवस नेपालमा पनि मनाइँदैछ । सन् १९१० मार्च ८ तारिखका दिन पहिलोपटक अन्तर्राष्ट्रिय नारी दिवस मनाइएपछि सोही दिन पारी हरेक वर्ष विश्वभरि धुमधामसाथ नारी दिवस मनाउने क्रम चलिरहेको छ । नारी हित र अस्मिताको लडाइँ युगौं अघिदेखि चल्दै आएको हो । सन् १९०७ मार्च ८ मा जर्मनीको स्टुडगार्ड्मा भएको समाजवादी महिलाहरुको अन्तर्राष्ट्रिय सम्मेलनबाट क्लरा जेट्किनको नेतृत्वमा 'श्रमिक महिला संगठन' गठन भएपछि महिला अधिकारको कुरा चर्चामा आयो ।

सन् १९०८ मा महिलाहरुमाथिको दमन, १८ घण्टा काम गर्नुपर्ने बाध्यात्मक अवस्था र असमानताजस्ता विषयलाई लिएर अमेरिकाको शिकागो शहरमा कपडा कारखानामा काम गर्ने श्रमिक महिलाहरुले जेट्किनको नेतृत्वमा जुलुस निकालेका थिए । सन् १९१० मा डेनमार्कको कोपनहेगनमा महिलाहरुको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भयो । क्लारा जेट्किन र रोजा लग्जेम्बर्गको अगुवाइमा भएको उक्त सम्मेलनबाट ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रुपमा मनाउने प्रस्ताव पारित भएपछि सन् १९११ देखि विश्वभरिका महिलाहरुले ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रुपमा मनाउन थालेका हुन् । विश्वभरि नारीको हक, हितका निम्ति निरन्तर आवाज बुलन्द गरिँदै आएको पाइन्छ । संयुक्त राष्ट्र संघको क्रियाशीलता तथा महिलामा आएको राजनीतिक एवम् सामाजिक जागरणको लहरले विश्वभर नारीलाई एकजुट बनाउँदै लगेको छ । समानता, न्याय, शान्ति र विकासका लागि दशकौं अघिदेखि प्रयास जारी रहे पनि स्थिति अझै सप्रन सकेको छैन । नारी शोषण, उत्पीडन, पछौटेपनलगायतका समस्या अझै अन्त्य भएका छैनन् । अदम्य उत्साह, अनुपम उमङ्ग, जोस, जाँगरसाथ नारी स्वयम् अगाडि नबढेसम्म अपेक्षित परिणाम हासिल नहुने यथार्थबोध हरेक तह र तप्कामा पुग्नुचाहिँ सुन्दर पक्ष हो । जात, भाषा, संस्कृति, आर्थिक हैसियत र राजनीतिक आदर्श बेग्लाबेग्लै भएका महिला पनि एकस्वर उराल्नेतर्फ जागरुक हुनुलाई क्रान्तिकै स्वरुप मान्नुपर्छ । मुलुकमा राजनीतिक परिवर्तनसँगै नारीप्रतिहेरिने दृष्टिमा पनि धेरै अन्तर आएको छ ।

संविधान, कानून, नीति, नियम आदिमा नारी अनुकूल व्यवस्था बढ्नु सुखद् पक्ष हो । नारी समुत्थानसम्बन्धी जे जति अन्तर्राष्ट्रिय, क्षेत्रीय सन्धि, सम्झौता, अनुबन्ध आदि छन्, ती सबैजसोमा नेपालको प्रतिबद्धता रहनुले अनुकूल परिस्थिति सिर्जना गर्दै लगेको प्रष्ट्याउँछ । तर, कार्यान्वयनको स्थिति भने निश्चय पनि उत्साहवर्द्धक छैन । सय वर्षभन्दा लामो इतिहास बोकेको नारी दिवसबाट महिला हक अधिकारको लागि केही चेतना वृद्धि भए पनि हाम्रोजस्तो मुलुकमा भने यो एउटा औपचारिकतामात्र बन्ने गरेको छ । नेपालमा पुरुषको भन्दा महिलाहरुको जनसंख्या बढी रहेको छ । महिलाहरु ३३ प्रतिशत प्रतिनिधित्वमा मात्रै सीमित रहेकोले अव स्थानीय तह, प्रदेश सभा र संघीय संसद सबै ठाउँमा ५० प्रतिशत उम्मेदवार पुरुष र ५० प्रतिशत उम्मेदवार महिला हुनुपदर्छ । सरकारी तथा गैरसरकारी क्षेत्रबाट नारी हक हितको पक्षमा आवाज उठाएरमात्र महिलाको समस्या समाधान हुनेवाला छैन । मुलुकमा पछिल्लो समय महिला हिंसाको क्रम बढ्दै गएकोले यसको न्यूनीकरणका लागि ठोस कार्ययोजना ल्याउनु आवश्यक छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन २५ गते बिहीबार ९ मार्च २०२३ । द्वितीया चैत कृष्णपक्ष । चिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:२३, सूर्यास्त ६:०८।

आजको राशिफल

मेष	: परिवारमा उन्नति हुनेछ	तुला	: राजनीतिमा सफलता मिल्नेछ
वृष	: काममा रोकावट आउन सक्नेछ	वृश्चिक	: काममा विलम्ब हुनेछ
मिथुन	: शुभ समाचार सुन्न पाइनेछ	धनु	: मनोकांक्षा सिद्धि हुनेछ
कर्कट	: मान सम्मान पाउन सकिनेछ	मकर	: गरेको कार्यमा सफलता मिल्नेछ
सिंह	: मन खिन्न हुन सक्नेछ	कुम्भ	: नयाँ कार्ययोजना बन्नेछ
कन्या	: व्यापार व्यवसायबाट लाभ हुनेछ	मीन	: आकस्मिक लाभ हुनेछ

सहज छैन हाम्रो अर्थ संसार

✍ अच्युतप्रसाद पौडेल 'चिन्तन'

देशको अर्थ चक्र उल्टो गतिमा छ, संकटपूर्ण अवस्थामा छ र पनि राज्यको ढुकुटी बाँड्न छोडिएको छैन । जनतामा उपचारको अभाव, दैनिकी चलाउनै मुस्किल परिरहेको छ। तर सरकारमा बसेकाहरूको सोच र व्यवहारमा कुनै संकोच देखिँदैन।

लोकतन्त्र भनिएको छ, देशमा सुशासनको रटान पनि छ र एकैजनाले डेढ दर्जन जति मन्त्रालय सम्हालेको पनि देखियो, एउटै घरको झ्यालझ्यालमा मन्त्रालय पनि देखिएकै हुन्। गणतन्त्रको उपहार हो त ? पूर्व कोशीको न्वारान गर्न ६ वर्ष लागेछ । नेपालीमा एउटा उखान प्रचलनमा छ-'मामाको धन, फुपूको श्राद्ध'

धर्म छोड्यो देशले, बाउ मर्दा काज किरिया नगरी, कपाल नखौरी, श्राद्ध तर्पण नगरी 'दिनुहोस् मलाई प्रधानमन्त्री' भन्दै विन्तीपत्र हाल्ने अनि देशमा धर्म खारेज गरेपछि होलिवाइनले बालुवाटारको डेरा सराइ सोल्टी पुग्ने प्रवृत्तिले अर्थतन्त्र धरापमा परेको हो । दूध खाने बिरालाहरु सहर पसेपछि यस्तै हुन्छ। देश गन्जागोलको स्थितिमा पुगेको छ । पहिलेका सरकार बरु एक वर्ष टिक्थे अहिले त दुई महिना नि चल्न गाह्रो छ ।

पछिल्लो अर्थ राजनीतिले सर्प पाल्न पैसा बाँड्दै गर्दा आलोचना भएपछि अब शीर्षक नखुलाई राहत भन्दै पूर्वप्रधानमन्त्रीले सरकारी ढुकुटीबाट विविध शीर्षकमा २० लाख तर् मारेछन्, बधाई छ उनलाई यति निरीह बनेछन् । गणतन्त्र र लोकतन्त्रमा यति सुविधा पनि नलिए यो प्रणाली ल्याउनुको के अर्थ ?

देश ऋणमा छ, विदेशी ऋण कहिले तिरेर सकिने हो भन्दा पनि थप्ने क्रम बढेको छ, आन्तरिक ऋणले देशको खर्च धान्नु परेको छ, पुँजीगत खर्च हुन सकेको छैन, नागरिकहरूले ऋण तिर्न नसकेर आत्मदाह गरिरहेका छन् । एउटा घर परिवारलाई ऋण बोकाएर घरमुलीले जथाभाबी खर्च गरेमा त्यो घर कुरूप हुन्छ भन्ने कौटिल्यको अर्थ शास्त्रको भनाइ छ ।

राज्यबाट धेरै सुविधा लिनेमा पूर्व राष्ट्रपति रामवरण यादव पनि छन् । पवित्र व्यक्ति मानी पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको आर्यघाटमा शव दाह गर्दा पङ्क्तिकारकै लगभग नेतृत्वमा भएको र रामवरणसँग पटक-पटक हात मिलाएको यही पङ्क्तिकारले हो। उनलाई राष्ट्रपति छँदा हात समाउँदै विधिपूर्वक पशुपतिनाथको दर्शन पनि गराएको हो । तर पटक-पटक लाखौं रकम लिएर राष्ट्र दोहन गरेको देख्दा त्यति मजा लागेन । शेरबहादुर देउवाले गत असौजतिरै ६० लाख, प्रचण्डले ५० लाख, जनार्दन शर्माले ४५ लाख, रामचन्द्र पौडेलले ३० लाख, माधवकुमार नेपालले ३० लाख लिएको खबर बाहिरिएको थियो ।

अमेरिका जस्तो देशको दुई कार्यकाल राष्ट्रपति भएका बाराक ओबामा छोरी पढाउन बाहिर काम गर्छन् । नेदरलैण्ड, स्वीडेनका प्रधानमन्त्रीहरू साइकलमा यात्रा गर्छन् । तर मन्त्री हुने वित्तिकै अगुवापछुवा गाडी लगाउने हाम्रा नेता हामीलाई सुशासनको नारा सुनाउन छोड्दैनन् । भुटानी मानव अधिकारवादीले यहाँको कोषबाट किन २७ लाख लिए त्यो खोजीको विषय पनि परेन। यत्ति चासो छ कि देशमा परवर्तन भएको ३२ वर्षमा स्थापित भएका लघुवित्त संस्थाहरुले ३३ लाख ऋणीलाई हवार हवार पैसा बाँडेको मोटो रकम साँढे ६ खर्बको भएछ र अति राम्रो भनिएको लघुवित्त धरापमा परेको छ, ऋण मिनाहाको चर्चा चलेको छ ।

नयाँ संविधान आएदेखि नै शुरुमा बजेट अनुमान धेरै गर्ने, बीचमा घटाउने गरिएको छ । यसपालि धेरै घटाइयो, विगतकोभन्दा फरक धेरै यही हो । राजस्व संकलन ६ दशक यताकै कमी छ । आर्थिक सन्नाटाकै कारण केहीले आत्मदाह गरेका छन् ।

पंक्ति तयार गरिरहँदा सरकारमा संलग्नहरु चक्कु र फूलको उदाहरण दिँदै नेताहरू प्रति गालीगलौज गर्दै थिए । बालकोटको बार्दली सक्रिय भई घण्टौंसम्म बालुवाटारमा गफ हुन्जेल जनतालाई केही थाहा भएन, जब चुकुल फुस्कन्छ अनि कुरा बाहिर आउँछ । नगरबधुले लाज मानेको कुरा जस्तो । नगरबधुले लाज मान्दा र गृहिणीले लाज नमान्दा परिणाम उस्तै आउँछ जसरी बाहुन भन्नेले लोभ गर्दा र राजपाठमा गएकाले लोभ गर्दा परिणाम आउने उस्तै हो । वैदिक शास्त्र बा आधुनिक समयमा पनि बाहुनले देशमा राजपाठ चलाएको इतिहास छैन, राजा त बाहुन भएकै छैनन्, क्षत्रियहरू शूर, वीर हुन्छन्, त्यसैले उनीहरूले देशको शासन भार चलाउनु पर्छ भन्ने मान्यता हो । तर आधुनिक र उन्नत भनिएको लोकतन्त्रमा नानाथरिको नारा देखाइयो अरु जातिका लागि तर राजपाठ बाहुनहरुकै छ, र बढी देशको संकट पनि यस्तैले राज गर्दा भएको छ । अहिले देशको अर्थराजनीतिले सोही स्पष्ट संकेत गर्छ ।

अब अध्यादेशको जिम्मा लिन एक बाहुन लालायित छन् । पल्लाभारि कसको हुने हो, जहिले पनि असामान्य परिवेश निर्माण भइरहेको लोकतन्त्रमा आँकलन गरिहाल्ने अवस्था त हुन्न । आफन्त परे सामाजिक सन्जालमासंगै खिचेको फोटो प्रदर्शन गर्ने पद्धति विपरीत आफ्नै पौडेल बन्धु आउन खोज्दा पनि पँक्तिकार भने एउटा उखानमै व्यस्त छ, लुतो न कनाइ तँलाइ न मलाई । बरु नागरिकता अध्यादेश र एमसीसीलाई त बडो सहज होला । चिकित्सकहरुले पेटमा ढुँगा रहेछ भने पनि अपरेशन नगरुन्जेल पिसाव गर्न सहज होस् भनी युरिम्याक्स भन्ने औषधि दिने गर्छन्, कुरा यतिले बुझे भइगयो ।

थर्ड डिभिजन ल्याउनेको चुरीफुरी

लोकतन्त्रको कति राम्रो आदर्श ! थर्ड डिभिजन ल्याउनेको चुरीफुरी, चुनावै नगरी संसदमा स्वागत गर्ने यिनै देउवा, ओलीले पुलपुल्याएका हुन्। अहिले त चुनावबाटै आएका छन् जाडो हुन्जेल सूर्यको ताप गर्मी भएपछि रुखको छहारी सबैले चाहन्छन् ठुलो कुरै भएन, बालुवाटार बस्ने आँट त गर्ने नै भए उनले । बालकोटले पहिले भनेकै हो माछा नभएको पोखरीमा बूढानीलकण्ठले जाल हाल्नु व्यर्थ हुन्छ भनेर, अहिले माछा परिसकेको छ, फागुनको राष्ट्रपति निर्वाचनपछि देउवाजीको साहस शायद हुन्न प्रचण्डलाई जोकर बनाउन कारण धेरै पहिलेदेखि नै लामो हिम चिम छ नि, रुखमा भोट हाल्नेले त उनको ऊर्दीमा रुखमा भोट हाल्न पाएन, प्रचण्डले भनिसकेका छन् जब गिरिजाबाबुका साथ शान्ति सम्झौता भयो हँसिया हथौडा रुख भइसक्यो रुख नै हँसिया हथौडा हो भनेर । साँच्चै काठलाई फर्निचरमा मिलाउन हथौडा बा औजारकै त आवश्यक पर्छ र रुख बिरुवा भइदिएन भने औजारको पो के काम आउँछ र । आकाशको सूर्य त जहिले पनि आफ्नै हो, जातले पाको हातले खाको, त्यो सत्तोसराप त आशीर्वाद पो भएको छ, विगतले यस्तै देखाएको छ त । मर्जरमै पनि गएकै हो, पछि अरुले भत्काइदिएर पो त ।

लोकतन्त्रका संयन्त्रहरुले एकातिर विकासका नाममा पर्याप्त खर्च गर्न सकेका छैनन् भने अर्कोतिर भएका खर्चको अधिक बेरुजु र दोहोरोपना छ । संयन्त्रहरु नै यति धेरै छन् तिनको सञ्चालन खर्चमै देशको तमाम बजेट सकिन्छ । विदेश निर्भर सहयोग बा ऋण पनि मनग्गे आउन सकेको अवस्था छैन । देशमा रोजगारी नहुँदा आम युवा शक्ति बिदेसिएको छ भने तिनले पठाएको विप्रेषण रकमले देशको अर्थतन्त्र मुस्किलले धानिएको अवस्था छ । अहिले आव ०७९/०८० को बजेटमा १४ प्रतिशतले घटाइएको छ मध्यावधि समीक्षापछि र राजस्व एक चौथाईले घटेको छ ।

ऋण पनि क कसलाई मात्रै तिर्नु र, एसियन पूर्वाधार लगानी बैंकलाई ३ करोड ७० लाख, फ्रान्सलाई १३ करोड ९५ लाख, युरोपियन इकोनोमिक काउन्सिललाई १९ करोड ५३ लाख, बेल्जियमलाई ५७ करोड ३६ लाख, कुवेतलाई १ अर्ब ५० करोड ५७ लाख, युरोपियन इन्भेष्टमेण्ट बैंकलाई ५ अर्ब ६१ करोड ५५ लाख, साउदी कोषलाई ३ करोड, एक्जिम बैंक कोरियालाई ५ अर्ब ६२ करोड ८५ लाख,आइ एम एफ लाई ४३ अर्ब ८९ करोड ५३ लाख,जापानी संस्था जाइकाको नियोगलाई ४८ अर्ब ४१ करोड ३४ लाख, दोस्रो ठुलो ऋण दाता ए डि बि लाई ३ खर्ब २३ अर्ब ६४ करोड १० लाख, पहिलो ठुलो संस्था विश्व बैंकको अन्तर्राष्ट्रिय विकास संघलाई ५ खर्ब २६ अर्ब १ करोड १८ लाख ऋण बुझाउन बाँकी छ । एक प्रतिशत सफ्ट लोन हो तर डलरमा बुझाउनु पर्छ र प्रतिदिन अमेरिकी डलर महँगो हुँदैछ ।

ओलीका अर्थमन्त्रीले खर्च कटौती भने । नयाँ सरकार आएपिच्छे यस्तो भन्ने गरिएको छ, अब उनी छैनन् अरुले पनि भन्ने यस्तै हो ऊर्दी जारी गर्दा उनका मन्त्रीले २० प्रतिशतसम्म खर्च घटाउने भने । तर संयन्त्रहरु हटाइएको, घटाइएको छैन । बस् भनियो : इन्धन, मर्मत सम्भार, मसलन्द, मेसिनरी औजार, फर्निचर फिक्स्चर आदिमा खर्च कटौती गर्ने भनेर । तर नेताजीहरुलाई दिइने लोकतन्त्रको व्याज दिन छोडिएन।

उपचार खर्च, सवारी साधन र इन्धन, सुरक्षा खर्च, पीएलगायतका सबै खर्च कटौती भएन र अनावश्यक भद्दा संयन्त्रहरु आफन्तका रोजगारीका लागि तयार भएका, पछि खुलेका संयन्त्रहरु खारेजीमा परेनन् । यो लोकतन्त्र भनिएको राजनैतिक संयन्त्रहरु नै सानो देशको आयस्रोतले धान्नै नसक्ने भएको छ । आफ्ना मान्छेलाई मात्रै सानोदेखि उपल्लो पदसम्म दिलाउने तिकडमबाजी भन्दा बाहेक हाम्रो लोकतन्त्रले केही गरेको देखिएन । मृत्युपछि पनि लोकतन्त्रको व्याज वितरण हुने गरेको छ । मदन भन्डारी फाउण्डेशन भन्दै यसै आवमा ५ करोड उतै ड्वाम् भएछ । बजेटमा उल्लेख गरेरै दिइने यस्ता संस्थाहरुको नाम नामेशी विवरण एकैपल्ट एउटै पत्रिकामा सार्वजनिक भए पनि नेपालीलाई मात्र ज्वरो आउँदैन, देशलाई पनि ज्वरो आउँछ।

अर्थ मन्त्रालयले गत श्रावणदेखि माघसम्म २३ अर्ब रकम रकमान्तर गरेको रे । खर्च कटौतीको नारा लिने बानी पनि नयाँ होइन । पुसमा मात्रै २२ अर्ब २ करोड ५० लाख र कमान्तर भएको खबर छ । जता जे मा पनि खर्च गर्न मिल्ने विविध शीर्षकमा मात्रै २१ अर्ब २० करोड ६५ लाख रकमको निकासा भएको सूचना सार्वजनिक भएको छ अहिले, धन्य छ हाम्रो लोकतन्त्र, जनतालाई महँगी र ऋणको भार राष्ट्रपतिलाई राहत उपचार, झलनाथआदिलाई राहत बस् आदर्शको नमूना यो भन्दा अधिक के हुन्छ गरिब देशमा ? यसैमा त छ सुशासन ।

कोशीमा उर्लेको पहिचान

✍ राजेन्द्र महर्जन

पुर्खाले रोपेको तिमी फुल्दो हाँगा
तिमी आफ्नै घरमा आफैं बास नमाग
- भूपाल राई

'पहिचान र अधिकार खोलानालाले मागेको थिएनह आदिम कालदेखि बसोबास गर्ने, खोलानालालाई संरक्षण गर्नेहरूले पहिचान मागेका थिएह संघीयता मागेका थिएह समानता मागेका थिएह समान हैसियत मागेका थिए ।'

कोशीजस्ता नदीनालाको संरक्षण गर्दै आएका व्यक्ति र समुदायले पहिचानका आधारमा प्रदेश १ को नामकरण चाहेको दाबी गरेकी प्रदेश सांसद निर्मला लिम्बू रोस्ट्रममै भक्कानिइन् । किरात-लिम्बुवान्जस्ता पहिचानका आधारमा नाम राख्न नसकेकामा दु:खी भएकी जसपाकी सांसद तथा प्रदेश सरकारकी स्वास्थ्यमन्त्री लिम्बूले रुँदै भनिन्, 'गोली थाप्दा त्यति गाह्रो नहोला, जति कोशी नाम स्विकार्दा गाह्रो भएको छ ।'

नेपालमा बहुसंख्यकवादीहरूले अपहरण गरेको संघीयता र लोकतन्त्रको विडम्बना लिम्बूको आँसुमा देखिएको छ । प्रदेश संसदभित्र सांसद र मन्त्री रोए पनि उनीसम्बद्ध एमाले सरकारले भने सार्वजनिक बिदाका साथ विजयोल्लास मनाएको छ । बुधबार गरिएको प्रदेशको न्वारन र बिहीबार मनाइएको विजयोत्सवमा एमाले, कांग्रेस, माओवादी र राप्रपाको हातेमालो रहेको छ, जसमा बहुसंख्यकवादी शासक वर्ग-जाति-भाषाभाषी र तिनका अनुचरले विजयभावका साथ खुसियाली मनाउनु स्वाभाविकै हो । तर, पहिचान, अधिकार, समान हैसियतका लागि लडिरहेका व्यक्ति र अभियानहरू भने बेखुस र आक्रोशित छन्, किरात-लिम्बुवान् क्षेत्रदेखि स्वनिग: (नेपालखाल्डो) सम्मका सडकमा उनीहरूको विरोध पोखिँदै छ । सत्तापक्ष र विपक्षबीच राष्ट्रिय र प्रादेशिक सहमतिमा बनेको कोशीवादी गठबन्धनले समान अधिकार र हैसियतसहितको पहिचान पक्षधरहरूको विरोधलाई दबाउन निषेधाज्ञाबीच थोपरेको नाम र न्वार नकर्ताहरूका पुतला दहन हुँदै छन् ।

'पहिचानको द्वन्द्व नमेटिए नमेटियोस् !'

महिनौंको मन्त्रणापछि आधारातमा निषेधाज्ञा र विरोधबीच प्रदेश १ लाई 'कोशी प्रदेश' मा नामकरण गर्न सक्ने मुख्यमन्त्री हिक्मतबहादुर कार्की नेतृत्वको कोशीवादी गठबन्धनले सडकका पहिचानवादीहरूलाई ठेंगा देखाउने स्पष्ट सन्देश दिएको छ । त्यो सन्देश हो– दुई-दुई राई नेता मुख्यमन्त्री हुँदा पनि गर्न नसकेको न्वारनको कर्मकाण्ड खस-आर्य नेतृत्वको सरकार बन्नासाथ सम्भव भयो । यस कर्मकाण्डमा प्रस्तावक, समर्थक र मतदाता बनेका जनजाति अनुहारका सांसदहरू सार्वजनिक खपतका लागि ठड्याइएका बुँख्या:चा मात्रै हुन्, जसलाई केही सिदा र दक्षिणा थमाएर प्रदेशकै नाम र नामकरणको अधिकार पनि खोसिएको छ ।

कोशी न्वारन-कर्ममा स्पष्ट रूपमा देखिएको छ– कांग्रेसदेखि एमालेसम्ममा, माओवादीदेखि राप्रपासम्ममा खस-आर्य पहिचानको नाम राख्नमा कुनै वैचारिक-राजनीतिक पथ-परहेज गर्नु जरुरी छैन । 'पहिचानको द्वन्द्व नमेटिए नमेटियोस्, अरूको पहिचान नभेटिए नभेटियोस्' भन्ने नीति-नियतका साथ कांग्रेसले एमालेसँगै कोशीमा नि:सर्त डुबुल्की मारेपछि

आफ्नो जातीय पहिचान स्थापित गर्नमा दलहरूबीच कुनै सैद्धान्तिक विमति भएन । किनभने, मधेशबाहेक सबै प्रदेशको सीमांकन र नामकरणको मुख्य वैचारिकी हो– 'पानीभन्दा रगत गाढा हुन्छ !' नीतिमध्ये केन्द्रीय नीति मानिने राजनीतिको कोशी घोषणा हो– शुद्ध, पवित्र र श्रेष्ठ रगतको प्रभुत्व र वर्चस्वका लागि नामकरणमा पनि न्वारनदेखि बल लगाउनुपर्छह अन्यथा परायाको स्वायत्तता र शासन बेहोर्न तयार हुनुपर्छ ।

न्यायिक मतलाई भन्दा बहुमतको मतभारलाई बेसी महत्व दिने र सत्ताको गणितलाई राजनीतिक हिसाबको सार ठान्ने वैचारिकीले नै माओवादीको एमालेकरण गर्ने हो । यो कटुसत्य निकट विगतमा नेकपाको आवरणमा एमालेमा विलय भएका माओवादी केन्द्रका संघीय र प्रदेश नेतालाई भन्दा अरू कसलाई थाहा होला र ! प्रदेशसभाको गणितमा फस्दै, मुख्यमन्त्रीका लागि आवश्यक जोडघटाउमा रुमलिँदै किरात, लिम्बुवान् र कोचिला प्रदेश निर्माण तथा स्वायत्तता र स्वशासनको आफ्नो नारालाई कोशी बगरमा सेलाउने माओवादी राजनीतिमा राजबाहेक नीति-नैतिकता खोज्न कठिन छ ।

एकल पहिचानको वैचारिकी : ओलीवाद

कोशी प्रदेश न्वारनको कर्मकाण्डमा पुरोहित्याइँ नै गरेको एमाले त उत्पीडित समुदायको पहिचान र ती पहिचानका आधारमा संघीयताविरुद्ध उठेको विचारको अगुवा नै भयो भने, अगुवाका पनि अगुवा केपी ओली त सर्वमान्य विचारक नै भइहाले । अन्य पहिचानका विरोधी विचारक ओलीले आफू जन्मिएको प्रदेशको न्वारन त उहिल्यै गरिसकेका थिए, अहिले कार्की नेतृत्वको कोशीवादी गठबन्धनले सकारेको मात्रै न हो । ओलीले एक वर्षपहिल्यै मानव सभ्यता र जातजातिभन्दा अघि नै उत्पत्ति भएकोह आफ्नो धर्म, ज्ञान, संस्कृतिसँग जोडिएको तथा पुरानो परम्परा र सभ्यता बोकेको कोशी नाम राखेका थिए ।

सांसद रामबहादुर रानामगरको प्रस्तावमा ओलीकै भाव शब्दश: प्रतिध्वनित भएको मात्रै हो । यही प्रस्तावप्रति स्वीकारोक्ति बढाउन कोशी नदीले बौद्ध धर्म, किरात सभ्यता, मिथिला सभ्यता, लिम्बुवान् संस्कृति, विराट् क्षेत्रको इतिहास तथा कोच संस्कार र संस्कृतिलाई पनि समेटेको दाबी गरिएको हो । खासमा संस्कृत भाषाको 'कौशिकी' शब्दबाट कोशी नदीको नाम रहेको आर्य-भाष्यलाई राष्ट्रिय रूप दिइएकाले यस्ता दाबी पादटिप्पणी मात्रै हुन् ।

उत्पीडित समुदायहरूको पक्षमा पहिचान, स्वायत्तता र स्वशासनको हावा चलेका बेला एमालेले पनि पहिचानसहितको प्रदेशको नारा उराल्दै मत मागेको थियो र अहिले पनि पहिचानलाई नै प्रदेश नामकरणको आधार मानेकामा कुनै शंका छैन । मूल प्रश्न के मात्रै हो भने, कसको पहिचानलाई आधार मानियो त ? सयौं वर्षदेखि राज्यमा आफ्नो प्रतिनिधित्व, प्रभाव र पहुँच नभएका समुदायहरूको पहिचानलाई ? होइन । आफ्नै धर्म, ज्ञान, संस्कृतिको पहिचानलाई आधार मान्नु नै ओलीवाद हो, जुन अरू दलले पनि सकारेको एमालेको वैचारिकी हो । त्यसैको प्रतिफल मात्रै हो– सनातन कालदेखि न्वारन गर्ने हक-अधिकार पाउँदै खस-आर्य नस्ल नेतृत्वको कोशीवादी गठबन्धन ।

कोशी न्वारनकर्ता नै खाँटी पहिचानवादी

कोशीवादी गठबन्धनको पछिल्लो तयारी, रणनीति र चतुऱ्याइँले देखाएको छ– यस गठबन्धनका अनेक नामधारी राजनीतिक गाँठाहरू सडक प्रदर्शनमा लागिरहेका पहिचानवादी भन्दा बेसी नै पहिचानवादी हुन् । खसोखास भन्दा, नामकरणमा कोशीवादी गठबन्धन आफ्ना पुर्खा, आफ्ना सनातन धर्म, सनातन धर्मले दिएका जन्मजात वर्ण-जात-जाति-संस्कृतिप्रति कट्टर आस्था र विश्वास राख्ने खाँटी पहिचानवादी सिद्ध भएको छ । कदाचित् आर्य नस्ल र समुदायका कुशिक वंशज वा कौशिक ऋषिको नामबाटै कौशिकी-कोशी बनेको सत्य हो भने त्यसैलाई अञ्चल र प्रदेशको न्वारन गर्नमा सफल व्यक्ति-शक्ति जत्तिको स्व-पहिचानवादी अर्को को हुन सक्छ ? एक नस्ल, एक वंश, एक ऋषि, एक व्यक्तिको नामलाई विस्तार गरीकन अनेक सभ्यता जन्माउने र आञ्चलिक-प्रादेशिक नाम पाउने हदसम्मको विशाल पहिचान बनाउन सक्नुजत्तिको पहिचानवादी कार्य नेपालको एकात्मक र संघीय राज्यमा कठिन नै छ ।

नेपालको राजनीतिमा पहिचान र पहिचानवादी राजनीति भन्ने शब्दावलीलाई प्रभुत्वशाली समुदायका भन्दा भिन्न सामुदायिक पहिचान र तिनको अधिकारका रूपमा मात्रै अर्थ्याउने गरिन्छ । उत्पीडित वर्ग वा सीमान्तकृत समुदायले धर्म, वर्ण, जात, वर्ग, भाषा, क्षेत्र र संस्कृतिको अधिकारका लागि उठाउने नारालाई मात्रै पहिचानको राजनीतिको साँचोमा ढालेर हेर्दा यसको अर्थ र अवधारणा अपुरो हुन्छ । चाहे त्यो खस-आर्य समुदायको होस् या अरू जुनसुकै समुदायको, खासमा कुनै पनि व्यक्ति र समूहका अनेक व्यक्तिगत र सामूहिक पहिचान हुन्छन् ती सबै पहिचानलाई दबाउनु वा उठाउनु भनेकै पहिचानवादी राजनीति गर्नु हो । नेपालमा लामो समयदेखि खस-आर्य समुदायको पहिचानबाहेक अरू पहिचान कुल्चिएका र दबिएका छन्, त्यसविरुद्ध सतत संघर्ष भइरहेको पनि छ । अरूका पहिचानलाई कुल्चेर-दबाएर आफ्नो पहिचानलाई मात्रै उठाउने पहिचानको राजनीति त सदियौंदेखि राज्य र गैरराज्य स्तरबाट व्यापक हुँदै आएको छ । अहिले त्यही दमनकारी पहिचानको राजनीतिविरुद्ध उत्पीडित समुदायहरूले प्रतिरोधी पहिचानको राजनीति अगाडि बढाएका न हुन्, प्रभुत्वशाली पहिचानवालाहरूको जस्तै समान अधिकार, स्वायत्तता र स्वशासन मागेर एकात्मक र केन्द्रीयतावादी राज्यलाई झुक्न बाध्य पारेका न हुन् ।

'नेपाली' र 'नेवारी' न्वारनमा राजनीति

उदाहरणका लागि, नेपालको इतिहासमा 'नेपाली' र 'नेवारी' न्वारनको प्रकरण मात्रै हेरियो भने पनि भाषिक पहिचानसँग जोडिएको नामकरणको राजनीति प्रस्टै देखिन्छ । चूडामणि बन्धुका अनुसार, 'खस कुरा' बाट 'पर्बतिया-पर्बते', त्यसबाट 'गोर्खा भाषा' वा 'गोर्खाली भाषा' र गोर्खाली भाषाबाट 'नेपाली भाषा' नामकरण गरिएको हो । सन् १८१६ मा भएको सुगौली सन्धिको चार वर्षपछि 'नेपाली भाषा' को रूपमा न्वारन गर्ने जेए एटनजस्ता बेलायती विद्वान् र इसाई मिसनरीहरूले यस शब्दलाई व्यापक रूपमा प्रयोग गर्ने र लोकप्रिय बनाउने काम गरेका थिए । बेलायत शासित भारतमा फैलिएको नेपाली भाषिक राष्ट्रवादबाट प्रभावित भएर राणा शासकहरूले 'गोर्खाली भाषा' नामलाई नब्बे वर्षअघि मात्रै 'नेपाली भाषा' शब्दबाट विस्थापित गरेका थिए । त्यसै क्रममा 'गोर्खा भाषा प्रकाशिनी समिति' लाई जुद्धशमशेरले मात्रै 'नेपाली भाषा प्रकाशिनी समिति' मा फेरेका थिए ।

बाँकी पृष्ठ-३ मा....

द्वन्द्वकालीन मुद्दामा तर्सिएको माओवादी :

न्याय निरुपणमा हेलचेक्र्याईंको परिणाम

काठमाडौं/नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड विरुद्ध परेको मुद्दा दर्ता गर्न सर्वोच्च अदालतले दिएको आदेशले नेकपा माओवादी केन्द्र तरंगित बनेको छ ।

१ माघ २०७६ मा काठमाडौंको खुलामञ्चमा आयोजित एक कार्यक्रममा प्रचण्डले 'माओवादी युद्धमा मारिएका १७ हजारमध्ये पाँच हजारको जिम्मा आफूले लिने' आशयको अभिव्यक्ति दिएका थिए ।

त्यसले हत्याको स्वीकारोक्ति देखिने भन्दै त्यसलाई आधार बनाएर प्रचण्डलाई पक्राउ गरी कारबाही गर्नुपर्ने आशयसहितको रिट दर्ता गर्न शुक्रबार सर्वोच्च अदालतले आदेश दिएको थियो । त्यसै अनुसार सर्वोच्चमा मंगलबार दईवटा रिट दर्ता समेत भएको छ । यी रिटको पहिलो सुनुवाइ बिहीबार हुने अदालतले जनाएको छ ।

यसबाट माओवादी केन्द्र मात्रै नभएर अरु विभिन्न माओवादी घटक पनि तरंगित भएका छन् । आइतबार प्रचण्ड, बाबुराम भट्टराई, नेत्रविक्रम चन्द विप्लव, धर्मेन्द्र वास्तोलासहितका माओवादी धारका नेताहरुले एउटै मञ्चबाट सर्वोच्च अदालतको उक्त आदेशको आलोचना गरेका थिए ।

दुई दिनपछि मंगलबार फेरि उनीहरु प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा जम्मा भए । प्रचण्ड, बाबुराम भट्टराई, सिपी गजुरेल, खड्गबहादुर विश्वकर्मा, धर्मेन्द्र वास्तोला लगायत नेताहरुले लिखित वक्तव्य नै जारी गरे ।

संक्रमणकालीन न्यायको प्रक्रिया विपरीतका काम कारबाहीले शान्ति सम्झौताको कार्यान्वयनमा सहयोग नपुऱ्याउने भन्दै उनीहरुद्वारा जारी वक्तव्यमा भनिएको छ, 'शान्ति सम्झौता र परिवर्तनका विरुद्ध हुने कुनै पनि गतिविधिहरुको प्रतिवाद गर्न हामी एकमत छौं ।'

किन त्रसित छन् माओवादीहरु ?

आफूविरुद्धको उजुरीलाई प्रचण्डले 'भ्रम छर्ने र घेरा हाल्ने षड्यन्त्र'का रुपमा व्याख्या गर्ने गरेका छन् । आइतबार प्रज्ञा भवन र मंगलबार बालुवाटारको भेलामा प्रचण्डले दिएको अभिव्यक्ति यस्तै छ । बालुवाटार बैठकमा सहभागी एक नेताका अनुसार प्रचण्डले आफूविरुद्ध रिट दर्ता गर्न दिने सर्वोच्चको आदेशलाई 'रहस्यमय र षड्यन्त्रकारी' संज्ञा दिएका थिए ।

'शान्ति सम्झौताको एकजना हस्ताक्षरकर्ताविरुद्ध किन (यो आदेश) आयो भन्ने कुरा र हास्यमय छ', प्रचण्डको भनाइ उद्धृत गर्दै बैठकमा सहभागी एक नेताले भने, 'यो षड्यन्त्रकारी हो । यो खेल चाहिं बाहिर (बाट) साम्राज्यवादीहरुले पनि गरेका छन् । आन्तरिक रुपमा

पनि यो प्रतिगमनकारी प्रक्रिया हो ।'

बैठकमा सहभागी आठवटै माओवादी घटक पनि प्रचण्डको यो भनाइमा सहमत थिए । र, बैठकले प्रचण्डविरुद्धका मुद्दा सिंगो माओवादी आन्दोलनविरुद्ध भएको निष्कर्ष निकालेको थियो ।

प्रचण्डको भनाइलाई निहुँ बनाएर केही घटना अदालत जैजाने कोशिश भएको र त्यसमा विशेष गरी पश्चिमा मुलुकहरुको साथ रहेको भनेर माओवादी घटकहरु भस्केको देखिन्छ । 'अहिले निहुँ खोज्ने जस्तो कुरा भएको छ, त्यो भनेको केही विशिष्ट घटनाहरु अदालत जैजाने प्रयास हो', नेकपा बहुमतका नेता हेमन्तप्रकाश वली भन्छन्, 'यस्तो माग पश्चिमाहरुको छ । त्यो गलत छ ।'

तर, नेता हेमन्तप्रकाश वलीले आरोप लगाएजस्तो कुनै पश्चिमा शक्ति सक्रिय भएको तथ्य सार्वजनिक रुपमा पुष्टि हुनसक्ने विश्वस्त आधार छैन । मंगलबार अदालतमा उजुरी लिएर जानेहरु द्वन्द्वकालमा भएका घटनाका पीडितहरु हुन् । त्यसमा सबै माओवादीबाट पीडित भएकाहरु छन् ।

संक्रमणकालीन मुद्दाहरुमा सहकार्य गरेर जान समेत माओवादी घटकहरु सहमत भएका छन् । आवश्यक पर्दा संगै सडक आन्दोलनमा जानेसम्मको उनीहरुको तयारी छ । 'त्यो प्रचण्डप्रतिको कुनै व्यक्तिगत मुद्दा नभएर हजारौं, लाखौं मान्छेलाई लाग्ने भएकाले त्यसमा हाम्रो चासो बढेको हो,' नेकपा क्रान्तिकारी माओवादी नेता गजुरेल भन्छन्, 'यो मुद्दामा हामी आवश्यक परे आन्दोलनमा पनि संगै जान्छौं ।'

राजनीतिक एजेन्डामा छिन्न भिन्न माओवादी घटकहरु युद्धकालका मुद्दामा भने आवश्यक पर्दा अचानक एकजुट हुने गरेका छन् । यसअघि सत्य निरुपण, मेलमिलाप तथा बेपत्ता सम्बन्धी आयोगले युद्धकालीन घटनाको उजुरी लिन थालेपछि ८ वैशाख २०७३ मा पनि विभाजित माओवादीहरु एकजुट भएका थिए ।

विदेश जानसमेत डर

चार वर्षअघि पार्किन्सन रोगले पीडित भएकी आफ्नी श्रीमतीको उपचारका लागि अमेरिका जाँदा पनि प्रचण्ड दुक्क हुन सकेका थिएनन् । ३ चैत २०७५ मा प्रचण्ड अन्तिम क्षणसम्म पनि अमेरिका जाने या नजाने द्विविधामै थिए । त्यसको पछाडिको कारण हो, द्वन्द्वकालीन यिनै मुद्दाहरु ।

अमेरिका पुगेपछि त्यहाँ आफूलाई 'डिस्टर्ब' नगर्ने सुनिश्चितता प्रचण्ड चाहन्थे । अमेरिकी अधिकारीहरुबाट त्यो प्राप्त भएपछि मात्रै उडान समयको अन्तिमतिर प्रचण्ड पत्नीसित अमेरिका गएका थिए । तर, उनले अमेरिकी भूमि नटेक्दै 'प्रचण्ड आतंककारी' भएको भन्दै त्यहाँको संघीय जाँच ब्यूरो (एफबीआई) मा एकजना प्रवासी नेपाली तिलक श्रेष्ठले उजुरी दिएका थिए ।

अमेरिकी प्रशासनले त्यसमा कुनै कारबाही त अगाडि बढाएन तर त्यो मुद्दामा आफूले तनाव भोगेको कथा प्रचण्डले लुकाएनन् । देश फर्कंदा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा प्रचण्डले पत्रकारहरुलाई भने 'तर, केही भएन । खालि कन्फ्युजन जस्तो मात्रै थियो ।'

नेपालीले नै शान्ति सम्झौतालाई आपराधिक र त्यसको हस्ताक्षरकर्तालाई अपराधीको रुपमा जेल हाल्नुपर्छ भनेर उजुरी गरेपछि आफूले तिती अनुभव गरेर फर्किएको प्रचण्डको भनाइ थियो । त्यसयता प्रचण्ड मात्रै होइन, अन्य प्रमुख माओवादी नेताहरु पनि पक्राउ परेपि हो कि भन्ने डरसहित अमेरिका र युरोपेली मुलुकको यात्रा गर्ने गरेका छैनन् ।

विद्रोही माओवादी मात्रै होइन तत्कालीन राज्य पक्षका नेताहरु र सुरक्षाकर्मीहरु पनि द्वन्द्वकालीन मुद्दाहरुमा आफू तानिने हो कि भन्नेमा सतर्क छन् । सन् २०१३ मा नेपाली सेनाका कर्णेल कुमार लामा द्वन्द्वकालमा मानव अधिकार उल्लंघन न्याय निरुपण गर्ने, पीडितलाई परि पूरण र क्षतिपूर्ति दिने लगायतका काम सम्पन्न गर्ने सहमति थियो । तर, उक्त सम्झौताको १६ वर्ष बितिसक्दा पीडितलाई केही परिपूरणको व्यवस्थाबाहेक द्वन्द्वकालीन घटनाको उजुरी लिने काम मात्र भएको छ । दुवै आयोगमा करिब ६३ हजार उजुरी दर्ता छन् ।

यस बीचमा न्याय, परिपूरण र क्षतिपूर्तिको मुद्दामा राज्य र विद्रोही माओवादीले हदैसम्म हेलचेक्र्याईं गरेको यथार्थ लुकेको छैन । द्वन्द्वर त पक्ष माओवादी शान्ति प्रक्रियामा आएपछि पनि चार पटक सरकारको नेतृत्वमा पुगिसकेको छ । बाँकी समयमा पनि ऊ अधिकांश समय सरकारमा छ ।

तर, न्यायको यो मागलाई निष्कर्षमा पुऱ्याउन उसले समेत कुनै पहल लिएको देखिएको छैन । प्रचण्ड स्वयंले पनि आफूहरुको पहल नपुगेको स्वीकार गरेका छन् । तर, कांग्रेस र एमालेले त्यसमा सहयोग नगरेको उनको आरोप छ ।

'हामीले पहल नलिएको होइन, पहल लिएका हौं' आजको बालुवाटार बैठकमा प्रचण्डले भनेका थिए, 'तर त्यहाँभित्र भएका सबैबाट समर्थन भएन । त्यसलाई चाँडो टुंग्याउनको निम्ति हुनुपर्ने सहयोग नभएछि हाम्रो मात्रै पहलले पुगेन ।'

तर प्रचण्डको यो भनाइलाई नेकपा एमालेले अस्वीकार गरेको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रचण्ड र माओवादीले संक्रमणकालीन न्यायलाई टुंगिन नदिएको आरोप लगाएका छन् ।

'मैले प्रधानमन्त्री भएका बेला पटक-पटक यसलाई टुंग्याौं भनें' ओलीले सोमबार पार्टीका सांसदहरुको अभिमुखीकरण कार्यक्रममा भनेका थिए, 'ऐन बन्ने बेलामा ऐन बन्न नदिने । काम गर्ने बेलामा काम गर्न नदिने । आयोग बनाउने बेलामा बनाउन नदिने । उहाँ (प्रचण्ड) का मान्छेले वर्षौंसम्म व्यवधान चलाउने ।'

अर्को प्रमुख शक्ति नेपाली कांग्रेस भने अहिलें माओवादीसँगै सत्ता सहयात्रामा छ । कांग्रेसले भने यसबारे औपचारिक रुपमा केही भनिसकेको छैन । सत्ता बाहिर र हँदा माओवादीप्रति आलोचनात्मक देखिने कांग्रेस नेताहरुले अहिले भने संक्रमणकालीन न्यायका विषय साझा भएको बताइरहेका छन् ।

मंगलबार सिंहदरबारमा बसेको सत्ता गठबन्धनका ९ दलको बैठकपछि कांग्रेस नेता रमेश लेखकले भने, 'द्वन्द्वको बेलामा भएको सबै घटनाहरू संक्रमणकालीन न्यायकै प्रबन्धबाट त्यसलाई सम्बोधन गर्नुपर्छ । यो राज्यको साझा मुद्दा हो ।'

(अनलाइनखबरबाट)

रेखा, पूजा र आँचल एकसाथ फिल्म खेल्दै

काठमाडौं/नेपाली फिल्मका तीन लिडिङ अभिनेत्रीहरु रेखा थापा, पूजा शर्मा र आँचल शर्माबीच पहिलो पटक फिल्ममा सहकार्य हुने भएको छ । रेखा स्वयंले निर्माण गर्न लागेको फिल्ममा उनीहरुले एकसाथ अभिनय गर्न लागेका हुन् । आगामी बैशाखबाट छायांकनमा जाने फिल्मलाई 'झिंगेदाउ' फेम्ड निर्देशक ज्ञानेन्द्र देउजाले निर्देशन गर्नेछन् । सुलक्षण भारतीले फिल्मको स्क्रिप्ट लेखिरहेका छन् ।

सोमबार रेखासँग एकसाथ होली खेल्ने क्रममा पूजाले यो फिल्ममा काम गर्न आफू उत्साहित रहेको बताइन् । अहिले यही फिल्मको काममा आफू केन्द्रित रहेको बताउँदै उनले भनेकी छन्, 'अहिले कुनै पनि फिल्म नगर्ने, सिर्फ यसमा 'फोकस' छु । मलाई सुदर्शन थापाले पनि त्यति 'स्ट्रिक' गर्नुभएको छैन होला, जति रेखा दिदीले गर्नुभएको छ । उहाँको सल्लाह अनुसार अगाडि बढिरहेको छु ।'

ज्ञानेन्द्रले यसअघि रेखालाई 'देवर बाबु', 'हिफाजत' फिल्ममा निर्देशन गरिसकेका छन् भने आँचलसँग यसै वर्षको सुपर हिट फिल्म 'झिंगेदाउ'मा सहकार्य भएको थियो । पूजासँग भने देउजाले पहिलो पटक काम गर्न लागेका हुन् । स्क्रिप्टको 'फस्ट ड्राफ्ट'मा काम भैरहेको जानकारी दिँदै उनले फिल्ममा महिलाप्रधान विषयवस्तुमा बन्न लागेको बताए । फिल्म पूर्ण कमर्शियल हुने उनको भनाई छ ।

पूजा र आँचललाई एकअर्काको प्रतिस्पर्धी भन्ने गरिन्छ । उनीहरुबीच खासै हार्दिक सम्बन्ध नभएको चर्चा चलिरहेको समयमा रेखा र ज्ञानेन्द्रले दुवैलाई एकसाथ पर्दामा उतार्ने प्रयास गरेका छन् । रेखासहित पूजा र आँचललाई एकसाथ पर्दामा हेर्न दर्शकलाई पनि रोचक हुनेछ । ठूलो स्टारकास्ट लिएर फिल्म बनाउन चुनौतीपूर्ण हुने भए पनि आफू त्यसका लागि तयार रहेको देउजा बताउँछन् ।

एक वर्षपछि फेसबुकमा फर्किए पल, लेख्छन्, 'म मातिएको छैन'

काठमाडौं/एउटा घटनाका कारण जेल जीवन बिताएर फर्किएका अभिनेता तथा मोडल पल शाह फागु पूर्णिमाको अवसर पारेर एक वर्षपछि सामाजिक सञ्जालमा फर्किएका छन् । सोमबार परिवार सँग होली मनाएको तस्विरहरु फेसबुकमा राख्दै उनले बितेको एक वर्षलाई आफूले सिकाइको उर्वर समयको रुपमा लिएको र मनमा न कसैप्रति रिस न कुनै प्रतिशोधको भावना रहेको उल्लेख गरेका छन् ।

अब आफ्नो कर्मलाई तिखार्ने र दर्शकको अपेक्षालाई पुरा गर्ने एउटै लक्ष्य रहेको बताउँदै पल लेख्छन्, 'मैले बितेको एक वर्षको त्यो घटनासँग जोडिएका सम्पूर्ण व्यक्तित्वहरमा मेरो सदा सम्मान र सद्भाव । र, यहाँ कोही कसैको दोष नभएर समयको दोष थियो ।

त्यसैले मेरो अनुरोध, कसैलाई गालीगलौज र नराम्रो व्यवहार नगरिदिनुहोला । उहाँहरुसँग फेरि सहकार्य गर्ने वातावरण मिलोस् ।'

अदालतको निर्णयलाई सम्मान गर्दै आफू फेरि पुरानै संघर्षशील दैनिकीमा फर्किएको उल्लेख गर्दै पलले आफ्नो स्वागतमा परिवार, आफन्त, साथीभाइका साथै हजारौं दर्शकको भीड देख्दा आफू नमातिएको, बरु थप जिम्मेवार बनाएको महसुस भएको बताएका छन् । पल यही फागुन १५ गते सबै मुद्दाबाट सफाइ पाएर जेलमुक्त भएका हुन् । उनी यसै साताबाट काममा फर्किन सक्नेछन् ।

दोश्रो संस्करणको 'नेपाल ग्रामीण चलचित्र महोत्सव' बैशाखमा हुने

काठमाडौं/नेपाली फिल्महाई ग्रामीण बजारमा पुऱ्याउने उद्देश्यले गत वर्षदेखि सुरु भएको 'नेपाल ग्रामीण चलचित्र महोत्सव'को दोश्रो संस्करण आगामी बैशाख अन्तिम साता हुने भएको छ । अघिल्लो वर्ष गोरखा जिल्लाको लाप्राकमा भएको महोत्सवको दोश्रो संस्करण हुने स्थान भने तय भैसकेको छैन । चाँडै नै महोत्सव हुने स्थानको नाम घोषणा गरिने आयोजक संस्था सेलिब्रेटी नेपालले जनाएको छ ।

नेपाली मौलिक तथा ग्रामीण कथावस्तुमा बनेका फिल्महरु सहभागी हुने महोत्सवमा सहभागिताका लागि फिल्म दर्ता समेत खुल्ला गरिएको आयोजक संस्थाले जानकारी दिएको छ । महोत्सवमा गाउँले परिवेशमा बनेका स्वदेशी फिचर तथा लघु फिल्म, डकुमेन्ट्री र भाषाभाषीका फिल्महरु सहभागी हुनेछन् । जुरी टिमले छान्ने फिल्महरू स्किनिङ गरेर उत्कृष्टलाई अवार्ड समेत प्रदान गरिनेछ । दर्शकलाई नेपाली मौलिक फिल्मप्रति आकर्षित गराउनु र नियमित फिल्म हेर्ने बानी बसाल्नु, स्थानीय क्षेत्रको भाषा, कला, संस्कृति एवं पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्नु महोत्सवको मुख्य उद्देश्य रहेको सेलिब्रेटी नेपालका प्रमुख र घुनाष सापकोटाले बताए । चलचित्र विकास बोर्डले सहकार्य गरेको महोत्सवमा ruralnepal2078@gmail.com मार्फत् पनि फिल्म दर्ता गर्न सकिने जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टिज सितैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई दुबक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

कोशीमा उर्लेको....

यसरी शासक वर्गको भाषा भएकै कारण नेपालको एउटा भाषालाई मात्रै नेपाली भाषा नामकरण गर्नासाथ नेपालका अरू सबै भाषा अनेपाली/गैरनेपाली/नेपाली-इतर ठहरिन पुगे । सयौं वर्षअघिदेखि नै 'नेपाल भाषा' का नाममा स्थापित रहेको भाषाचाहिँ नामकरणको भाषिक राजनीतिको परिणामस्वरूप 'नेवारी' हुन पुग्यो । सम्भवत: नेपाली भाषाका शासक वर्गका लागि अर्को नेपाली भाषा स्वीकार्य नहुनाका कारण यस भाषाको नामै फेरिएको हुन सक्छ । कमलप्रकाश मल्लका अनुसार, एउटै भाषालाई कानून र प्रशासनको भाषा बनाउने क्रममा सन् १९०५ मा राणा शासक चन्द्रशमशेरले नेपाल भाषा र अन्य भाषाबाट लिखित कागजात अदालतमा अमान्य हुने ठहर गर्न भ्याए ।

आफ्नो भाषालाई मात्रै नेपाली भाषा बनाउने, राष्ट्रभाषा ठहऱ्याउने, राष्ट्रिय एकीकरणको सांस्कृतिक माध्यम मान्ने तथा शैक्षिक, प्रशासनिक र सम्पर्क भाषाका रूपमा स्थापित गर्ने पहिचानको र राजनीतिका दुष्परिणाम चौतर्फी रूपमा देखिए । नेपालका अरू भाषाचाहिँ अनेपाली ठहरिए, सबै क्षेत्रबाट बहिष्कृत र दमित भए । भाषिक समान अधिकारका मागकर्ताहरू विखण्डनकारी र साम्प्रदायिक ठहरिए । अन्य भाषाभाषी शिक्षा, सञ्चार, अदालत र प्रशासनबाट धपाइए । अन्ततः दोस्रो दर्जाका नागरिकमा दरिए ।

खस नेपालीकरण र जनजातीय प्रतिरोध

भाषा-संस्कृतिजस्ता पहिचानको राजनीतिमा नामको महत्त्व कति हुन्छ, खस नेपाली भाषाका शासक वर्गलाई जति अरू कसैलाई थाहा छैन । 'नाममा के छ र' भन्दै अरूका नाम, अस्तित्व, पहिचान र आत्मसम्मानलाई बेवास्ता गर्ने शासक-प्रशासक, तिनका जैविक बौद्धिक र अनुचर मसीजीवीहरू नै आफ्नो हरेक भौतिक वस्तु र अभौतिक सम्पदाको राष्ट्रियकरण गर्नमा उद्यत रहेका दृष्टान्तको कुनै कमी छैन । राष्ट्रभाषाका रूपमा नेपाली भाषाको राष्ट्रियकरणसँगै दौरा-सुरुवाल र टोपीजस्ता वेशभूषा, पशुपन्छीको पहिचानलाई समेत राष्ट्रियकरणबाट अरू धेरै कुराको अराष्ट्रियकरण हुने गरेको यथार्थ हेक्का राख्नलायक छ ।

आफ्नो धर्म, जाति, भाषा र संस्कृतिलाई मात्रै राष्ट्र/राष्ट्रिय/राष्ट्रियता मान्ने संकीर्णता र अहंकार सडक, टोल, गाउँ, सहर, नगर, जिल्ला, अञ्चल, प्रदेशको नामकरणमा पनि नराम्ररी पोखिँदै आएको छ । नयाँ नाम राख्ने मामिलामा अधिकांश आर्यकरण, हिन्दूकरण र खस नेपालीकरण गरि एका कारण विवाद र द्वन्द्व सृजना भएको जाहेर नै छ्ह पुरानै नाम पुनःस्थापित गर्ने अभियान चलेको त्यत्तिकै होइन ।

त्यसो त चोमोलुङ्मा/झोमोलुङ्मा/झ्यामोलुङ्मालाई माउन्ट एभरेस्ट वा सगरमाथा वा नौबन्धन नामकरण गर्ने राष्ट्रवादी इतिहासकार र महान् लेखकहरू नेपालका अरू भाषामा कुनै नाम छ कि भनी खोजीमेली गर्नुसम्म जरुरी ठान्दैनन् । कोशी नदी स्वनिग:का खुसी (नेपालभाषामा नदी-खोला) सँग नजिकिएजस्तै, वल्लो र माझ किरातका नदीले खु/कु प्रत्ययसँग किन र कसरी नाता गाँस्छन् भन्ने तथ्य हेर्नु आवश्यक ठान्दैनन् । कोशीको न्वारनका लागि कुशिक वंशज र कौशिकी ऋषिको खोजसँगै अनेक आर्य-शास्त्रतिर मात्रै डुबुल्की मार्ने पृवृत्तिले संस्कृत-नेपाली भाषाइतरका राष्ट्रभाषाको अस्तित्व, पहिचान र इतिहासलाई स्विकर्दैन । राणा र शाह शासकहरूले समेत स्विकारेका वल्लो, पल्लो र माझ किरात तथा लिम्बुवान् शब्दलाई नकार्ने धृष्टताले पहिचानको द्वन्द्वलाई सम्बोधन गर्दैन ।

अब राई-लिम्बू लगायत जनजातिहरूले दुई शताब्दीभित्र किन घरीघरी संघर्ष, आन्दोलन र विद्रोह गर्छन् आफूहरूमाथि भएका जातीय दमन, भाषिक उत्पीडन र आर्थिक शोषणको किन प्रतिरोध गर्छन् किन स्वराज, स्वशासन र स्वायत्तता माग गर्छन् किन किरात-लिम्बुवान् नाममै स्वअस्तित्व, पहिचान र हक-अधिकार खोज्छन् अलिकति खोतलियो भने शासक वर्ग र जात-जातिको झाषिक संकीर्णता र अहंकार कम हुन्छ कि ?

(साभार: ई-कान्तिपुर)

छरिएर रहेका नेपाल सरकारका कोषको विवरण खोज्दै अर्थ मन्त्रालय

काठमाडौं/अर्थ मन्त्रालयले नेपाल सरकारका नाममा रहेका कोषहरुको विवरण संकलन थालेको छ ।

चालु आर्थिक वर्ष २०७९/८० को बजेटले नेपाल सरकारका मन्त्रालय र निकाय मातहत छरिएर रहेका कोष एकीकृत गर्ने र आवश्यक नदेखिएका कोष खारेज गर्ने घोषणा गरेको थियो । यस घोषणाको कार्यान्वयनका लागि अर्थ मन्त्रालय मातहतको महालेखा नियन्त्रक कार्यालयले अन्य मन्त्रालयहरुलाई चिठी काटी विवरण माग गरेको हो ।

अर्थले खासगरी विकास समिति ऐन २०१३ अन्तर्गत गठन भई सञ्चालनमा आएका कोष, नेपाल सरकारको निर्णय अनुसार गठन भएका कोष, विशेष कानुनबाट स्थापना भएका कोष र अन्य यस्तै प्रकृतिका कोषको विवरण माग गरेको छ ।

मन्त्रालयहरुले कोषको नाम, कोष स्थापनाको उद्देश्य, कोष सञ्चालन गर्ने निकायको नाम, बैक खाता रहेको बैंकको नाम र कोषमा २०७९ असार मसान्तसम्म मौज्दात रहेको रकम समेत उल्लेख गरी अर्थ मन्त्रालयलाई उपलब्ध गराउनु पर्ने भएको छ । यस अनुसार मन्त्रालयहरुले आफ्नु मातहतका विभाग, कार्यक्रम, आयोजना/प्रतिष्ठान र जिल्ला समन्वय समितिहरुले समेत यस्तो विवरण अर्थलाई दिनु पर्ने भएको छ ।

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

हेटौंडासहित मकवानपुरका सहरी क्षेत्रहरुमा सोमबार फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु अर्थात् होली पर्व हर्षोल्लासका साथ मनाइएको छ । हेटौंडा, थाहा नगरपालिका, मनहरी, बागमती क्षेत्रमा सामूहिक होली कार्यक्रम मनाइएको थियो । हेटौंडाको स्कूलरोडमा हरेक वर्ष जस्तै सोमबार पनि भव्य रुपमा होली मनाइएको हो । संगमचोकमा सांगीतिक कार्यक्रमसहित होली मनाइएको थियो । जिल्लाका विभिन्न ठाउँमा विशेष कार्यक्रमको आयोजना गरेर होली मनाइएको हो । पत्रकार महासंघ मकवानपुरदेखि, विभिन्न शैक्षिक संस्था, वित्तिय क्षेत्रहरुमा पनि होली मनाइएको थियो । विद्यालयहरुले आइतबार नै होली मिलन कार्यक्रम गरेका थिए । मकवानपुरको १० वटै स्थानीय तहमा होली पर्व मनाइएको हो । विगतका वर्षहरुमा उत्ताउलोरुपमा मनाइने यो पर्व प्रहरीको सक्रियताका कारण हेटौंडामा सभ्य बनेको छ । सडकमा काम विशेषले हिंड्नेलाई इच्छा विपरित रङ र लोला नहान्न मकवानपुर प्रशासनले निर्देशन नै जारी गरेको थियो । त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रल्हादलाई मार्ने उद्देश्यले ब्रहमाबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रहलादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफै भष्म भएकी तर भक्त प्रहलादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ । त्यसै बेलादेखि शक्तिको दुरुपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली खेल्ने परम्परा चलेको मानिन्छ । तराई क्षेत्रमा मंगलबार होली पर्व मनाइएको छ । तस्विर: साझाकुरा ।

बागमतीको मुख्यमन्त्रीमा नेकपा एसको पनि दाबी

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र सहितको ९ दलीय नयाँ समिकरणमा बागमती प्रदेश तानातानमा परेको छ ।

देशका ७ प्रदेशमध्ये राजनीतिक शक्ति सन्तुलनका दृष्टिकोणले धेरै दाबी बागमती प्रदेशको सरकारमा हुने गरेको छ । जसअनुसार नयाँ समिकरणमा पनि तीन दलले मुख्यमन्त्रीमा दाबी गरेका छन् । हाल सरकारको नेतृत्व गर्ि रहेको नेकपा माओवादी केन्द्रसहित, नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीले पनि सरकारमा दाबी गर्ने भएको हो । ७ प्रदेशमध्ये नेकपा एसको ठूलो शक्ति बागमतीमा छ । ९ दलीय गठबन्धनमा प्रदेश सरकारको भागबण्डा नटुंगिए पनि बागमतीको मुख्यमन्त्रीमा भने कांग्रेस र नेकपा एसले दाबी गर्ने भएका हुन् ।

२५ फागुन अर्थात भोली हुने राष्ट्रपति निर्वाचन लगतै गठबन्धनले प्रदेश भागबण्डा गर्ने तयारी गरेको छ । जसका लागि दलहरुले आन्तरिक रुपमा दाबी गर्न थालेका हुन् । वर्तमान सत्ता गठबन्धनमा 'पावर शेयरिङ'को विषयमा गृहकार्य सुरु भएको नेताहरु बताउँछन् । केन्द्रमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद्लाई पूर्णता दिनेबारे छलफल अघि बढाएपछि प्रदेशसम्म प्याकेजमा भागबन्डा हुन लागेको हो । चुनाव अघिको सत्ता गठबन्धन ब्युँताएर प्रधानमन्त्री प्रचण्डपछि नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल एक वर्ष प्रधानमन्त्री बन्ने सहमति बनेपछि प्रदेशको नेतृत्व पनि दाबी गर्ने भएको छ ।

नयाँ सत्ता समीकरण बनेपछि पावर शेयरिङको विषयमा छलफल भइरहेको नेकपा एसका नेता जीवनराम श्रेष्ठ बताउँछन् । हाल प्रारम्भिक छलफल सुरु भएको र राष्ट्रपतिको निर्वाचनपछि मात्रै औपचारिक सहमति बन्ने श्रेष्ठको दाबी छ । श्रेष्ठले सबै प्रदेश सरकारमा पार्टीको सहभागिता रहने र नेतृत्वको विषयमा पनि पावर शेयरिङ गर्दा कुनै प्रदेशको नेतृत्व पाउन सक्ने श्रेष्ठले बताए ।

यसअघि एमाले-माओवादी गठबन्धन हुँदा एमालेले ४, माओवादीले २ र जसपाले मधेस प्रदेश सरकारको नेतृत्व लिएका थिए ।

एमालेले कोशी, सुदूर पश्चिम, लुम्बिनी र गण्डकीमध्ये कांग्रेसले सुदूरपश्चिम प्रदेशको नेतृत्व हात पारिसकेको छ । माओवादीले कर्णाली र बागमती प्रदेश सरकारको नेतृत्व लिएको छ । तर, नेकपा एसले अहिले कोशी वा बागमती प्रदेशमा दाबी गर्ने आन्तरिक तयारी गरेको नेताहरुले बताएका छन् । एमालेले लिइरहेको गण्डकी र लुम्बिनी कांग्रेसले लिने लगभग पक्का छ । त्यसो हुँदा नेकपा एसले कोशी प्रदेशको नेतृत्व पाउने सम्भावना छ । त्यहाँ पार्टी सचिवसमेत रहेका राजेन्द्र राई प्रदेश संसदीय दलको नेता छन् । उनी यसअघि पनि मुख्यमन्त्री भएका थिए ।

बागमती प्रदेशमा अहिले माओवादीका शालिकराम जम्मकट्टेल मुख्यमन्त्री छन् । यहाँ नेकपा एसका ७ जना सांसद छन् । नेकपा एसले जम्मकट्टेल सरकारलाई समर्थनसँगै विश्वासको मत पनि दिएको थियो । माओवादीले एसलाई बागमती प्रदेश सरकारको नेतृत्व छाडे पूर्वान्तरिक मामिला तथा कानूनमन्त्री कृष्णप्रसाद शर्मा खनाल मुख्यमन्त्री बन्नेछन् । शर्माले साझाकुरासँगको कुराकानीमा बागमतीको मुख्यमन्त्री प्रदेशमा नभई गठबन्धनको शिर्ष नेतृत्ववाटै टुंगिने बताए । 'हामी बागमतीको मुख्यमन्त्रीका लागि भन्दा पनि राष्ट्रपति निर्वाचनमा जोड दिइरहेका छौं । गठबन्धनको शिर्ष नेतृत्ववाटै भागबण्डा टुंगिएला,' शर्माले भने ।

राष्ट्रपति निर्वाचनमा बनेको आठदलीय गठबन्धन सत्ता समीकरणतर्फ उन्मुख हुँदै गर्दा प्रदेशमा सरकार फेरबदलको तयारी सुरु भएको हो । गठबन्धन दलहरु राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनपछि केन्द्रमै शक्ति बाँडफाँट गरेर प्रदेश सरकारको नेतृत्व परिवर्तन र पुनर्गठन गर्ने योजनामा रहेका छन् । जसअनुसार बागमतीमा गठबन्धनका तीन दलको दाबी हुने भएको हो । वर्तमान सरकारको नेतृत्व गरिरहेका जम्मकट्टेल मुख्यमन्त्रीकै रुपमा बस्न चाहनु स्वभाविक हुँदा नेपाली कांग्रेसले पनि दाबी गर्ने भएको हो । ४ मंसिरको गठबन्धनमा बागमतीको मुख्यमन्त्री कब्जिसले दाबी राखेको थियो । कांग्रेसले मुख्यमन्त्री दाबी गर्दा माओवादीले सरकारको नेतृत्व गर्न जोडबल गरेको थिएन् ।

कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिं लामाले बागमतीको सरकारमा कांग्रेसको स्वभाविक दाबी रहेको बताए । 'हालसम्म सरकारको नेतृत्व कसले गर्ने भनेर भागबण्डाको तहमै कुरा त भइसकेको छैन् । तर, कांग्रेसले मुख्यमन्त्रीमा दाबी गर्छ,' सिंहले भने । निर्वाचन अधिको गठबन्धन रहँदा पनि कांग्रेसको दाबी रहेको भन्दै बागमतीलाई कांग्रेसले प्रमुखताका साथ लिने उनको भनाई छ । 'अहिले त शालिकरामजीले सरकारको नेतृत्व गरिरहनु भएको छ । राजनीतिक परिस्थित फेरिए पनि हामीले मुख्यमन्त्री चाहिन्छ भनिसकेका त छौनौं । गठबन्धनको शिर्ष तहमा भागवण्डा हुँदा हाम्रो दाबी बागमतीमा रहनु स्वभाविक हो,' लामाले भने ।

मधेश, बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशमा आठदलीय गठबन्धनमा रहेकै दलको नेतृत्वमा सरकार छ । बागमती र कर्णालीमा माओवादी, सुदूरपश्चिममा कांग्रेस र मधेशमा जसपाले सरकारको नेतृत्व गरेका छन् । सुदूरपश्चिमबाहेक अन्य प्रदेशको सरकारमा एमाले सहभागी छ । राष्ट्रपति निर्वाचनलगतै एमालेलाई सत्ताबाट बहिर्गमन गराएर आठदलीय गठबन्धनमा रहेका दलहरुलाई सहभागी गराइने गठबन्धन दलहरुले जनाएका छन् । बागमतीमा राप्रपा सरकारबाट बाहिरिसकेको छ भने एमालेले राष्ट्रपति निर्वाचनसम्मलाई समर्थन कायम राखेको छ ।

बागमती प्रदेशसभामा कुल ७ वटा दलको प्रतिनिधित्व रहेको छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१ र राप्रपाको १३, नेकपा एसको ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ मत छ । बागमतीम सरकार गठनका लागि ५६ मत आवश्यक पर्छ । जसका लागि कांग्रेस र माओवादी मात्रै मिले पनि बहुमत पुग्न छुने नेकपा एसको मत थप हुन आउँछ ।

सुधारगृहमा क्षमता भन्दा दोब्बर बालक

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ बाल सुधारगृह हेटौंडामा क्षमता भन्दा दोब्बर संख्यामा बालक राखिएको छ । अनेकौं अभावका बीचमा सञ्चालित बाल सुधारगृहमा क्षमता भन्दा दोब्बर संख्यामा बालक राखिएको हो ।

सुधारगृहको क्षमता ३५ जना राख्न सक्ने रहेको छ । तर, हेटौंडा बाल सुधारगृहमा हाल ६८ जना बालक आश्रित छन् । विभिन्न कसुरमा अभियोग लागेका वा अदालतले फैसला गरेका बालकलाई आश्रय दिन स्थापना गरिएको बाल सुधारगृह आफै अभाव झेलिरहेको छ । संघीय सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत रहेको बाल सुधारगृह हेटौंडामा अन्यत्रका सुधार गृहले बालकको चाप थेग्न नसकेपछि आश्रयस्थलमा समेत परिणत भएको छ ।

सुधारगृहका निमित्त प्रमुख प्रदीप गौतमले सुधारगृहमा मधेश प्रदेश र कोशी प्रदेशमा बाल सुधारगृहमा बालकको चाप बढेपछि यहाँ पठाउने गरेको जानकारी दिए । उनले बाल सुधारगृहमा रहेका १८ वर्षभन्दा माथिका उमेर पुगेकालाई अन्य कारागारमा पठाउने प्रावधानको अभावमा हेटौंडामा बालकहरुको चाप बढेको बताए । हेटौंडामा इलामदेखि नवलपरासीसम्मका बालक आश्रित रहेको बाल सुधारगृहले जनाएको छ । सुधारगृहमा १८ वर्षमुनिका विभिन्न अभियोग लागेका र फैसला भएकालाई राख्नुपर्ने प्रावधान भए पनि फैसलामा हुने ढिलाइसँगै १७ वर्ष ११ महिनामा पनि कुनै अभियोग लागेर वा अदालतबाट फैसला भएर आएकाहरुका कारण हेटौंडा सुधारगृहमा १४ वर्ष उमेर पुगेका बालकदेखि २२ वर्षसम्मका रहेका छन् ।

सुधारगृहमा रहेकामध्ये ३३ जना बालकको मुद्दा अदालतबाट फैसला भएको र ३५ जना पुर्पक्षका लागि अदालतले थुनामा पठाएका छन् । सुधारगृहमा एक महिना अघिसम्म २७ जना १८ वर्षभन्दा माथि उमेरका रहेका थिए । हेटौंडा बाल सुधारगृहमा हाल सबैभन्दा बढी जबरजस्ती करणी मुद्दाका ४२ जना बालक रहेका छन् । यस्तै डाँका-चोरी मुद्दाका आठ जना, सवारी ज्यान र कर्तव्य ज्यान मुद्दाका तीन/तीन जना र लागूऔषध मुद्दाका पाँच, चोरी मुद्दाका चार, अप्राकृतिक मैथुन मुद्दाका दुई जना र शरीर बन्धक, अपहरण मुद्दाका एक जना बालक सुधारगृहमा आश्रित छन् ।

मधेश प्रदेशको वीर गञ्जमा मन्त्रालयबाट सञ्चालित सुधारगृहमा ६० जनाको क्षमता रहेको क्षमताभन्दा दोब्बर अर्थात् १ सय ३० जना पुगेपछि मधेश प्रदेशबाट समेत हेटौंडामा बालक राख्न पठाउँदा यहाँ क्षमताभन्दा चाप बढेको गौतमले बताए । 'बाल सुधार गृहमा बालकको चाप बढेसँगै असहजता छ, समस्या छ, राख्नै पर्ने बाध्यता पनि छ । पूर्वाधार अभाव र अर्को व्यवस्था नभएकोले क्षमताभन्दा बढी बालक राख्नुको विकल्प छैन,' उनले भने । विगतमा १६ वर्ष उमेरसम्मका बालकलाई र राख्ने कानूनी व्यवस्था हुँदाको संरचनामा अहिले परिवर्तन भई १८ वर्ष पुगेका बालक राख्ने नयाँ व्यवस्थाका कारण पनि बाल सुधार गृहमा चाप बढेको उनको भनाइ छ ।

बाल सुधारगृहमा अभावसँगै सुधारगृह पनि सुधारको पर्खाइमा छ । बालकको आनीबानी र व्यवहारमा सुधार गर्न स्थापना गरेका बाल सुधारगृहहरुले भौतिक पूर्वाधारलगायतको अभाव भोग्दै आएको छ । जसकारण बालकहरु न्यूनतम अधिकार र सुविधाबाट बञ्चित भएका छन् । देशभरमा सञ्चालित आठ वटा बाल सुधार गृहमध्ये बागमती प्रदेशको राजधानी हेटौंडामा सञ्चालित सुधारगृहले पूर्वाधार अभावलगायतका राज्यले नै तोकेका अधिकार र सुविधा बालकलाई उपलब्ध गराउन सकेको देखिँदैन ।

२०७५ सालमा स्थापना भएको हेटौंडा बाल सुधारगृहमा बालकका लागि खाने, बस्ने, कपडा, स्वास्थ्य उपचार, खेल्ने, बाल गृहभित्रै परीक्षा दिनेलगायतका व्यवस्था भए पनि औपचारिक शिक्षाबाट भने बञ्चित रहेका छन् । बजेट र शिक्षक अभावसँगै अध्यापन गराउन आवश्यक विद्यार्थीको संख्या नपुग्ने भएकाले पनि सुधारगृहमा रहेका बालकलाई अध्ययन गर्न शैक्षिक संस्था नभएको, औपचारिक शिक्षा नभएको गौतमले बताए । विद्यालयका लागि पहल भइरहेको उनको भनाई छ । सामान्य लेखपढ गर्नेदेखि ११ कक्षासम्म पढ्ने सुधार गृहमा छन् । गौतमले सुधार गृहमा आएका कतिपय बालकलाई अहिले सामान्य लेखपढ गर्न सिकाएर हस्ताक्षर गर्न सक्ने बनाइएको बताए । सुधारगृहमा पुस्तकालयसँगै स्वअध्ययनको व्यवस्था पनि छ ।

परियोजना कार्यान्वयन गर्न एमसीए नेपालले थाल्यो जग्गा प्राप्ति प्रक्रिया

काठमाडौं/भिलिनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए नेपाल) ले परियोजना कार्यान्वयन गर्न जग्गा प्राप्तिको प्रक्रिया सुरु गरेको छ ।

एमसीएद्वारा सञ्चालित विद्युत प्रसारण आयोजना अन्तर्गत तनहुँ, पाल्पा र धादिङमा जग्गा प्राप्तिको प्रक्रिया थालेको हो । यो आयोजना अमेरिकी अनुदान सहयोगमा सञ्चालन हुँदैछ ।

एमसीए नेपालले मंगलबार जग्गा प्राप्तिका लागि सूचना प्रकाशित गरेको छ । यी जिल्लामा पर्ने विद्युत प्रसारणलाइनको टावर निर्माण प्रयोजनका लागि आवश्यक जग्गा प्राप्त गर्ने सम्बन्धमा मन्त्रि परिषद्ले २३ वैशाख २०७६ मा निर्णय गरेको थियो । सोही निर्णय कार्यान्वयन गर्न समितिले सूचना प्रकाशित गर्दै जग्गा प्राप्तिको प्रक्रिया थालेको जनाएको छ ।

तीन दिनपछि टोली खटिने

आयोजनाका अनुसार सूचना प्रकाशित भएको तीन दिन पछि यी जिल्लाको तोकिएको क्षेत्रको जग्गा नापजाँच गर्न टोली खटिने भएको छ । जग्गाको नापजाँच गर्ने, सर्वेक्षण गर्ने, साँध छुट्याउने, किला गाड्ने प्रयोजनाका लागि यी टोली खटिने भएका हुन् ।

तीन वटा जिल्ला मध्येमा तनहुँमा ११ फागुनमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मुआब्जा निर्धारण समितिको पहिलो बैठकबाट प्रारम्भिक कार बाही समेत सुरु गरेको आयोजनाले जनाएको छ । तनहुँमा रातमाटेदेखि दमौली प्रसारणलाइन खण्डमा जग्गा प्राप्ति सुरु गरिएको छ । जसमा हालको आँबुखैरेनी, बन्दीपुर, व्यास, ऋषिङ र घिरिङ पर्छन् ।

धादिङमा भने १४ फागुनमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मुआब्जा निर्धारण समितिको पहिलो बैठकबाट प्रारम्भिक काम अगाडि बढाउने निर्णय गरेको थियो । धादिङमा रातमाटेदेखि नयाँ हेटौंडा प्रसारणलाइनमा जग्गा प्राप्ति प्रक्रिया सुरु भएको हो । जसमा गल्छी, थाक्रे, नीलकण्ठ, सिद्धलेक, गजुरी, बेनीघाट रोराङमा प्रसारणलाइन बन्ने छ ।

पाल्पा जिल्लामा १२ फागुनमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मुआब्जा निर्धारण समितिको पहिलो बैठकले काम सुरु गर्ने निर्णय गरेको थियो । यहाँ नयाँ बुटवलदेखि नयाँ दमौली प्रसारणलाइनका लागि जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढेको हो । जसमा रामपुर र निस्दी पर्छन् ।

थाहाका बलामीलाई श्रीलंकामा स्वर्ण पदक

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका घर भएका एक युवकले श्रीलंकामा कराते प्रतिस्पर्धामा स्वर्ण पदक जितेका छन् ।

थाहा-९ का सोनम बलामीले अन्तराष्ट्रिय कराते प्रतियोगितामा स्वर्ण पदक पाएका हुन् । अनुराधा श्रीलंकामा ४ मार्चबाट भएको खुल्ला आइएसकेडीजे कप कराते च्याम्पियनसीप-२०२३ मा बलामीले स्वर्ण पदक जितेका छन् । बलामीले ८४ केजी तौल समूहको प्रतियोगितामा प्रतिस्पर्धा गरेका थिए । ८४ केजी तौल समूहमा थाहा नगरका बलामीले भारत, बंगलादेश र श्रीलंकाको खेलाडीलाई पराजित गरेका थिए । नेपालको तर्फबाट ६० केजी तौल समूहमा स्वर्ण र ६७ केजीमा रजत प्राप्त गर्न सफल हुँदै

प्रतियोगितामा तेस्रो भएको छ । प्रतियोगितामा ६० केजी समूहमा बुद्धिमान मोक्तिल स्वर्ण र ६७ केजिमा एटन कुमार मल्लले रजत प्राप्त गरेका थिए ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड

हामीकहाँ आधुनिक डिजाइनका गहा गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्पर्कनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याइकेट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्पर्कनुहोस् ।

कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

हार्दिक समवेदना

स्व. दूली माया जिम्बा
यस सामाजिक संस्कार सेवा समितिका कार्यसमिति सदस्य विक्रम लामाको हजुरआमा र राजकुमार लामाको ममतामयी माता दूली माया जिम्बाको स्वर्गारोहण भएको आज ९३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्न सक्ने शक्ति मिलोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।
अमर बहादुर लामा (अध्यक्ष) एवम्
सामाजिक संस्कार सेवा समिति परिवार
हेटौंडा-४, कर्रा

सार्वजनिक सम्पतिको संरक्षण गरौं ।
☞ सार्वजनिक सम्पतिको अतिक्रमण नगरौं।
☞ सार्वजनिक सम्पति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं।
☞ सार्वजनिक सम्पतिको संरक्षण गर्नु सबैको कर्तव्य हो।
☞ सार्वजनिक सम्पतिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
☞ सार्वजनिक सम्पतिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।
नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२९११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना